# महिलाका लागि भएका विशेष व्यवस्थामा गरिनुपर्ने सुधारसम्बन्धी

# संशोधन प्रस्ताव

महिला, कानुन र विकास मञ्च (FWLD)

महिलाका लागि भएका विशेष व्यवस्थामा गरिनुपर्ने सुधारसम्बन्धी

# संशोधन प्रस्ताव

प्रकाशन नं. १७०

प्रकाशक

महिला, कानुन र विकास मञ्च (FWLD)

सहयोग

FOREIGN AND COMMONWEALTH OFFICE, UK

# विषय सूची


अवधारणागत प्रावधानहरु ........ १

राजनीतिक र सामाजिक जिवनमा सहभागिता ........ ३

शिक्षा ........ १९

रोजगारी ........ २७

महिला विरूद्ध हिंसा ........ २८

अदालती कार्यविधि तथा लैङ्गिक न्याय ........ ३०

स्वास्थ्य ........ ३४

विविध ........ ३९

# प्राक्कथन

वर्षैदेखि सामाजिक, सांस्कृतिक, धार्मिक, आर्थिकलगायतका क्षेत्रमा भइरहेको भेदभावका कारण महिलाहरू पुरूषको तुलनामा पछाडि परेका छन् । औपचारिक समानताको सिद्धान्तमा आधारित परम्परागत समानताको अवधारणाले विद्यमान भेदभाव तथा लैङ्गिक अन्तरलाई कम गरी व्यवहारिक रूपमा समानता ल्याउन सकेको छैन । त्यसैले व्यहारमा वास्तविक समानता ल्याउन सुधारात्मक अवधारणामा आधारित सारभूत समानताको सिद्धान्तको विकास भएको छ । औपचारिक समानताको सिद्धान्तले सबै व्यक्ति बराबर छन्, महिला र पुरुषबीच कुनै भेद छैन भन्ने आधारमा तटस्थतालाई समानताको मापदण्डको रूपमा लिन्छ, तर सारभूत समानताको सिद्धान्तले विद्यमान अवस्थामा महिला र पुरुष फरक छन् र यस्तो फरक जैविक कारणले नभई ऐतिहासिक, सामाजिक तथा साँस्कृतिक रूपमा महिलाहरूमाथि गरिएको विभेदको फलस्वरूप हो भन्ने दृष्टिकोण लिन्छ ।

नेपालले विभिन्न राष्ट्रिय, अन्तराष्ट्रिय दस्तावेजहरूमार्फत् सारभूत अवधारणमा आधारित समानताको अधिकार प्रदान गर्ने प्रतिबद्धता व्यक्त गरेको छ । नेपालको अन्तरिम संविधान, २०६३ को धारा १३ ले लिङ्गको आधारमा भेदभाव नगरिने कुराको प्रत्याभूत गर्दै सोही धाराको उपधारा (३) ले महिलाको संरक्षण, सशक्तिकरण वा विकासको लागि विशेष व्यवस्थाहरू गर्न सकिने व्यवस्था गरेको छ । त्यस्तै नेपाल पक्ष भएको महिलाविरूद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्ने महासन्धि, १९७९ (Convention on the Elimination of all of Discrimination against Women (CEDAW), 1979 ले पनि महिला तथा पुरूषबीच कानूनी मात्र नभई वास्तविक समानता सुनिश्चित गर्न राज्य पक्षहरूलाई अल्पकालिन विशेष उपायहरू अपनाउनुपर्ने दायित्वहरू प्रदान गरेको छ ।

महिला, कानून र विकास मञ्च (FWLD) ले गरेको अध्ययन अनुसार नेपालमा संविधानलगायत विभिन्न ऐन, कानूनका २७४ प्रावधानहरूले महिलाको लागि विशेष व्यवस्थाहरू गरेका छन् । तर उक्त अध्ययनअनुसार विद्यमान विशेष कानूनी व्यवस्थाहरू वास्तविक समानता सुनिश्चित गर्न गुणात्मक रूपमा अपर्याप्त छन् । राजनीतिक र सार्वजनिक जीवनमा सहभागिता सम्बन्धी क्षेत्र लगायत अन्य विभिन्न क्षेत्रमा विशेष व्यवस्थाहरूले महिलाको स्थिति खासै सुधार ल्याउन सकेके छैन । कतिपय विशेष व्यवस्थाहरू कार्यान्वयनमा नै आएका छैनन भने कतिपय विशेष व्यवस्थाहरूमा रहेका कमी कमजोरीहरूका कारण यसले महिलालाई सकारात्मकभन्दा नकारात्मक असरहरू पारिरहेका छन् ।

२०६२/६३ को जनआन्दोलन पश्चात् राजनीतिक रूपमा समावेशी र समानुपातिक सहभागिताको सिद्धान्तले मान्यता पाएको छ । नेपालको अन्तरिम संविधान, २०६३ को धारा २१ ले आर्थिक, सामाजिक वा शैक्षिक दृष्टिले पछि परेका महिला लगायतका समुदायलाई समानुपातिक समावेशीको सिद्धान्तको आधारमा राज्यको संरचनामा सहभागिताको हक हुने व्यवस्था गरेको छ । यसै क्रममा नेपाल सरकारले महिला, दलित, आदिवासी जनजातिहरू, मधेशी समुदाय लगायतको वर्गको उत्थान र सहभागिताको लागि कानूनमा विशेष व्यवस्था गर्न विभिन्न पहलहरू गरिरहेको छ । यसै सन्दर्भमा महिलाको लागि भएका विशेष व्यवस्थाहरूमा रहेका कमी–कमजोरीहरूलाई संशोधन गर्न तथा व्यवहारिक रूपमा कार्यान्वयन गर्न सकिने प्रावधानहरू तयार गर्नको लागि महिला, कानून र विकास मञ्च (FWLD) ले फरेन एण्ड कमनवेल्थ अफिस, बेलायत (FCO, UK) को सहयोगमा संशोधन प्रस्ताव मस्यौदा तयार पारेको छ । संशोधन प्रस्तावको प्रारम्भिक प्रारूपमाथि २०७० फाल्गुण १२ गते नागरिक समाजका प्रतिनिधिहरू, फाल्गुण १३ गते कानुन व्यवसायीहरू तथा फाल्गुण १४ राजनीतिक दलका प्रतिनिधिहरूसँग काठमाडौंमा र २०७० फाल्गुण ११ गते कानुन व्यवसायीहरू तथा नागरिक समाज र राजनीतिक दलका प्रतिनिधिहरूसँग नेपालगञ्जमा छलफल गरिएको थियो । उक्त छलफलमा उठेका विषयहरूलाई समेत समावेश गरी यस प्रस्तावलाई अन्तिम रूप दिइएको छ ।

यसरी महिलाको सहभागिता र सशक्तिकरणका निम्ति कानूनमा नै विशेष व्यवस्थाको आवश्यकता महसुस गरे अनुरूप यो संशोधन प्रस्ताव तयार गर्ने क्रममा संलग्न अधिवक्ता मीरा ढुंगाना, अधिवक्ता सविन श्रेष्ठ, अधिवक्ता रूपनारायण श्रेष्ठ, अधिवक्ता लोकहरि बस्याल, अधिवक्ता सुषमा गौतम, अधिवक्ता विष्णु बस्याल, अधिवक्ता विमला खड्का, अधिवक्ता पुरूषोत्तम मिश्र र अधिवक्ता नविन श्रेष्ठलाई हार्दिक धन्यवाद दिन चाहान्छौं ।

अतः अध्ययनमा आधारित भई तयार पारिएको महिलाका लागि गरिनु पर्ने विशेष व्यवस्था सम्बन्धी यस संशोधन प्रस्तावलाई कार्यान्वयन गर्न नेपाल सरकार, व्यवस्थापिका संसद, राजनीतिक दलहरू र नागरिक समाजका सम्बद्ध सम्पूर्ण पक्षहरूबाट आवश्यक पहलका लागि आव्हान गर्दछौं ।

# अवधारणागत प्रावधानहरू

| क्र.सं. | कानून | धारा/दफा/नियम | प्रावधानहरू | प्रस्तावित प्रावधानहरू | कारण |
|---|---|---|---|---|---|
| १. | **नेपालको अन्तरिम संविधान २०६३** | धारा ३३ (घ१) | घ१) मुलुकको राज्य संरचनाका सबै अङ्गहरूमा मधेशी, दलित, आदिवासी जनजाति, महिला, मजदूर, किसान, अपांङग, पिछडिएका वर्ग र क्षेत्र सबैलाई समानुपातिक समावेशीको आधारमा सहभागी गराउने । | **नेपालको अन्तरिम संविधान २०६३ को धारा १३३ को उपधारा घ१) को** सट्टा **देहायको उपधारा घ१) राख्ने :**<br>"मुलुकको राज्य संरचनाका सबै अङ्गहरूमा मधेशी, दलित, आदिवासी जनजाति, महिला, मजदूर, किसान, अपाङ्गता भएका व्यक्ति पिछडिएका वर्ग र क्षेत्र सबैलाई जनसांख्यिक उपस्थिती अनुरूप समानुपातिक समावेशीको आधारमा सहभागी गराउने," | विद्यमान व्यवस्थाले महिला लगायतका वर्गहरूको वास्तविक रूपमा समानुपातिक समावेशी गर्न नसकेको |
| २. | **नेपालको अन्तरिम संविधान २०६३** | धारा १४४ (४क) | (४क) नेपाली सेनालाई राष्ट्रिय स्वरूप प्रदान गर्न र समावेशी बनाउन मधेशी, आदिवासी जनजाति, दलित, महिला, पिछडिएका क्षेत्र लगायतका जनताको प्रवेश समानता रसमावेशी सिद्धान्तका आधारमा कानूनमा व्यवस्था गरी सुनिश्चित गरिनेछ । | **नेपालको अन्तरिम संविधान २०६३ को धारा १३३ को उपधारा घ१) को** सट्टा **देहायको उपधारा घ१) राख्ने :**<br>"(४क) नेपाली सेनालाई राष्ट्रिय स्वरूप प्रदान गर्न र समावेशी बनाउन महिलाको लागि जनसंख्याको अनुपातमा निश्चित प्रतिशत समावेशीका साथसाथै मधेशी,आदिवासी जनजाति, दलित, पिछडिएका क्षेत्र लगायतका जनताको प्रवेश समानता समावेशी सिद्धान्तका आधारमा कानूनमा व्यवस्था गरी सुनिश्चित गरिनेछ ।" | निजमाती सेवा, प्रहरी सेवा, सशस्त्र प्रहरी सेवामा हाल गरिएका व्यवस्था सेना सम्बन्धमा लागु नभएको र यस संशोधन प्रस्तावमा प्रस्तावित व्यवस्थासँग एकरूपता काया गर्न |
| ३. | **नागरिक अधिकार ऐन, २०१२** | दफा ५(क) | कुनै बिशेष वर्गको निमित्त बिशेष व्यवस्था गर्ने नेपाल सरकारकोअधिकार माथि दफा ३ र ४ मा जेसुकै लेखिएको भएतापनिः<br>(क) स्त्री जाति बालक वर्ग र कुनै अनुन्नत नागरिक वर्गको लागि बिशेष व्यवस्था गर्ने नेपाल सरकारलाई अधिकार हुनेछ । | **नागरिक अधिकार ऐन, २०१२ को दफा ५ को उपदफा (क) को** सट्टा **देहायको उपदफा (क) राख्ने :**<br>"कुनै बिशेष वर्गको निमित्त बिशेष व्यवस्था गर्ने नेपाल सरकारकोअधिकार माथि दफा ३ र | हाल प्रचलनमा रहेका कानूनमा महिला तथा अन्य वर्गलाई गरिएका सम्बोधनलाई शिष्ट र मर्यादित बनाउन । |

| क्र.सं. | कानून | धारा/दफा/नियम | प्रावधानहरू | प्रस्तावित प्रावधानहरू | कारण |
| --- | --- | --- | --- | --- | --- |
| | | | | ४ मा जेसुकै लेखिएको भएतापनि:<br>(क) महिला, बालबालिका तथा पिछडिएका वर्गको लागि बिशेष व्यवस्था गर्ने नेपाल सरकारलाई अधिकार हुनेछ ।" | |
| ४. | **नेपाल सरकार कार्यविभाजन नियमावली, २०६९** | अनुसुचि २ (नियम ५ संग सम्बन्धित) (१९) | १९ श्रम तथा रोजगार मन्त्रालय<br>● महिला सीप र तालिम | **नेपाल सरकार कार्यविभाजन नियमावली, २०६९ को अनुसूचि २ को १९ नं. मा देहायको व्यवस्था थप गर्ने :**<br>"१९ श्रम तथा रोजगार मन्त्रालय<br>● महिला सीप र तालिम (महिला श्रम सशक्तिकरण सम्बन्धि बृहत्तर कार्यक्रम)<br>● श्रमिक महिलाका आर्थिक,सामाजिक लगायतका सुरक्षा तथा प्रजनन स्वास्थ्य सम्बन्धी अधिकार<br>● श्रमिक महिलाहरूका लागि विशेष व्यवस्थाहरू<br>● अपांगता भएका कामदार महिलाहरूको लागि विशेष व्यवस्था" | श्रम तथा रोजगार मन्त्रालयले गर्दै आएको महिला सीप र तालिमका अतिरिक्त श्रम तथा औद्योगिक क्षेत्रमा निजामती कर्मचारीहरूलाई उपलब्ध भएसरह र थप अन्य कार्य राख्न । |

# राजनीतिक र सामाजिक जिवनमा सहभागिता

| क्र.सं. | कानून | धारा/दफा/नियम | प्रावधानहरू | प्रस्तावित प्रावधानहरू | कारण |
|---|---|---|---|---|---|
| १. | **नेपालको अन्तरिम संविधान २०६३** | धारा १३१ (२) | राष्ट्रिय मानव अधिकार आयोगः (१) नेपालमा एक राष्ट्रिय मानव अधिकार आयोग हुनेछ जसमा देहाय बमोजिमका अध्यक्ष र सदस्यहरू रहनेछन्:- (क) मानव अधिकारको संरक्षण र संवर्द्धनको क्षेत्रमा विशिष्ट योगदान पुऱ्याएका सर्वोच्च अदालतको प्रधान न्यायाधीश वा न्यायाधीश पदबाट सेवा निवृत्त व्यक्ति वा मानव अधिकारको संरक्षण र संवर्द्धन वा समाजसेवाका क्षेत्रमा क्रियाशील रही विशिष्ट योगदान पुऱ्याएका ख्यातिप्राप्त व्यक्तिहरू मध्येबाट - अध्यक्ष (ख) मानव अधिकारको संरक्षण र संवर्द्धन वा समाजसेवाका क्षेत्रमाक्रियाशील रही विशिष्ट योगदान पुऱ्याएका ख्यातिप्राप्त व्यक्तिहरू मध्येबाट चारजना - सदस्य | **नेपालको अन्तरिम संविधान २०६३ को धारा १३१ को उपधारा (२) को** सट्टा **देहायको उपधारा (२) राख्ने :** "राष्ट्रिय मानव अधिकार आयोगः (१) नेपालमा एक राष्ट्रिय मानव अधिकार आयोग हुनेछ जसमा देहाय बमोजिमका अध्यक्ष र सदस्यहरू रहनेछन्:- (क) मानव अधिकारको संरक्षण र संवर्द्धनको क्षेत्रमा विशिष्ट योगदानपुऱ्याएका सर्वोच्च अदालतको प्रधान न्यायाधीश वा न्यायाधीश पदबाट सेवा निवृत्त व्यक्ति वा मानव अधिकारको संरक्षण र संवर्द्धनवा समाजसेवाका क्षेत्रमा क्रियाशील रही विशिष्ट योगदान पुऱ्याएका ख्यातिप्राप्त व्यक्तिहरू मध्ये बाट महिला पुरूषबाट पालैपालो एक एक अवधि - अध्यक्ष (ख) मानव अधिकारको संरक्षण र संवर्द्धन वा समाजसेवाका क्षेत्रमाक्रियाशील रही विशिष्ट योगदान पुऱ्याएका ख्यातिप्राप्त व्यक्तिहरू मध्ये बाट दुई महिला सहित चारजना - सदस्य" | विशेष प्रकृतिका बाहेक राष्ट्रियस्तरका आयोगहरूमा महिला समान र अर्थपूर्ण सहभागिता सुनिश्चित गर्न |
| २. | **नेपालको अन्तरिम संविधान २०६३** | धारा १४२ (३)(ग) | (३) उपधारा (१) बमोजिम दर्ताको लागि निवेदन दिंदा कुनै पनि राजनैतिक दलले देहायका शर्तहरू पूरा गरेको हुनु पर्नेछः- (ग) विभिन्न स्तरका कार्यकारिणी समितिमा महिला, दलित लगायत उपेक्षितर उत्पीडित | **नेपालको अन्तरिम संविधान २०६३ को धारा १४२ को उपधारा (३ ग) को सट्टा देहायको "उपधारा (३ ग) राख्ने :** (३) उपधारा (१) बमोजिम दर्ताको लागि निवेदन दिंदा कुनै पनि राजनैतिक दलले | राजनैतिक दलहरूमा महिला कम्तीमा एक तिहाई सहभागिता सुनिश्चित गर्न |

| क्र.सं. | कानून | धारा/दफा/नियम | प्रावधानहरू | प्रस्तावित प्रावधानहरू | कारण |
|---|---|---|---|---|---|
| | | | क्षेत्रका सदस्यहरू समेत रहने समावेशी व्यवस्था गरिएकोहुनु पर्छ, | देहायका शर्तहरू पूरा गरेको हुनु पर्नेछः- (ग) केन्द्रीय कार्यकारिणी समिति समेतका विभिन्न स्तरका कार्यकारिणी समितिमा कम्तीमा एक तिहाई महिलाका साथसाथै दलित लगायत उपेक्षितर उत्पीडित क्षेत्रका सदस्यहरू समेत रहने समावेशी व्यवस्था गरिएको हुनु पर्छ," | |
| ३. | **स्थानीय स्वायत्त शासन ऐन, २०५५** | दफा ७(ख) | वडा समितिको गठनः<br>(क) एक जना वडाध्यक्ष,<br>(ख) एक जना महिला वडा सदस्य, र<br>(ग) तीन जना वडा सदस्यहरू | **स्थानीय स्वायत्त शासन ऐन, २०५५को दफा ७(ख) को सट्टा देहायको दफा ७ (ख) राख्ने :**<br>"वडा समितिको गठनः<br>(क) एक जना वडाध्यक्ष,<br>(ख) दुई जना महिला वडा सदस्य, र<br>(ग) दुई जना वडा सदस्यहरू" | पाँच सदस्यीय वडा समितिमा दुई महिला सदस्यको ब्यवस्था सुनिश्चित गर्न |
| ४. | **स्थानीय स्वायत्त शासन ऐन, २०५५** | दफा ८(२) (ग) | गाउँ परिषद्को गठन :<br>(ग) गाउँ विकास क्षेत्रभित्रका एक जना महिलासहित समाजसेवी, आर्थिक तथा सामाजिक दृष्टिकोणले पिछडिएका जाति, जनजाति,दलित तथा आदिवासी मध्ये गाउँ परिषद्मा प्रतिनिधित्व हुन नसकेका वर्गका दफा १० बमोजिम गाउँ परिषद्को सदस्यको लागि चाहिने योग्यता पुगेका व्यक्तिहरूमध्येबाट गाउँ परिषद्द्वारा मनोनीत छ जना व्यक्तिहरू । | **स्थानीय स्वायत्त शासन ऐन, २०५५को दफा ८ (२) (ग)को सट्टा देहायको उपदफा(२)(ग)राख्नेः**<br>**दफा ८ (२) (ग)**<br>गाउँ परिषद्को गठन :<br>(ग) गाउँ विकास क्षेत्रभित्रका ३ जना महिला समेत समाजसेवी, आर्थिक तथा सामाजिक दृष्टिकोणले पिछडिएका जाति, जनजाति,दलित तथा आदिवासी मध्ये गाउँ परिषद्मा प्रतिनिधित्व हुन नसकेका वर्गका दफा १० बमोजिम गाउँ परिषद्को सदस्यको लागि चाहिने योग्यता पुगेका व्यक्तिहरूमध्येबाट गाउँ परिषद्द्वारा मनोनीत छ जना व्यक्तिहरू । | गाउँ परिषद्बाट मनोनित गर्दा कम्तीमा पचास प्रतिशत महिला मनोनित गर्नु उपर्युक्त हुने हुँदा |

| क्र.सं. | कानून | धारा/दफा/नियम | प्रावधानहरू | प्रस्तावित प्रावधानहरू | कारण |
|---|---|---|---|---|---|
| ५. | **स्थानीय स्वायत्त शासन ऐन, २०५५** | दफा १२ | (२) गाउँ विकास समितिमा देहाय बमोजिमका अध्यक्ष, उपाध्यक्ष र सदस्यहरू रहनेछन्:-<br>(क) गाउँ विकास क्षेत्रभित्रका प्रचलित कानुन बमोजिम मतदाता हुनयोग्यता पुगेका नेपाली नागरिकहरूले निर्वाचन गरी पठाएका एक जना अध्यक्ष र एक जना उपाध्यक्ष,<br>(ख) गाउँ विकास क्षेत्रको प्रत्येक वडाका प्रचलित कानुनबमोजिममतदाता हुन योग्यता पुगेका नेपाली नागरिकहरूले आ-आफ्नो वडाबाट एक-एकजनाको दरले निर्वाचन गरी पठाएका नौ जना वडाध्यक्षहरू,<br>(ग) दफा ८ को उपदफा (२) को खण्ड (ग) बमोजिमका गाउँपरिषद्का सदस्यहरू मध्येबाट एकजना महिलासहित गाउँ विकास समितिद्वारा मनोनीत दुई जना सदस्यहरू । | **स्थानीय स्वायत्त शासन ऐन, २०५५को दफा १२को उपदफा (२) पछि देहायको उपदफा (३) र (४) थप गर्ने ।**<br>"(३) यस दफामा जुनसुकै कुरा लेखिएको भए उपदफा २(क) बमोजिम हुने अध्यक्ष र उपाध्यक्ष पदको निर्वाचनमा लागि पुरूष र महिला पालैपालो एक एक पदावधि अध्यक्ष र उपाध्यक्ष निर्वाचित गरिनेछ ।<br>(४) उपदफा (३) बमोजिमको निर्वाचन तोकिए बमोजिम गरिने छ ।" | प्रमुख र उपप्रमुख पदमा महिलाको प्रतिनिधित्व सुनिश्चित गर्न |
| ६. | **स्थानीय स्वायत्त शासन ऐन, २०५५** | दफा ७५ | वडा समितिको गठनः<br>(क) एकजना वडाध्यक्ष,<br>(ख) एकजना महिला वडा सदस्य, र<br>(ग) तीनजना वडा सदस्यहरू । | **स्थानीय स्वायत्त शासन ऐन, २०५५को दफा ७५ को सट्टा देहायको दफा ७५राख्ने :**<br>"वडा समितिको गठनः<br>(क) एक जना वडाध्यक्ष,<br>(ख) दुई जना महिला वडा सदस्य, र<br>(ग) दुई जना वडा सदस्यहरू" | पाँच सदस्यीय वडा समितिमा दुई महिला सदस्यको ब्यवस्था सुनिश्चित गर्न |

| क्र.सं. | कानून | धारा/दफा/नियम | प्रावधानहरू | प्रस्तावित प्रावधानहरू | कारण |
|---|---|---|---|---|---|
| ७. | **स्थानीय स्वायत्त शासन ऐन, २०५५** | दफा ७६ (२ (ग)) | ७६. नगर परिषद्क्को गठनः (२) (क) नगरपालिकाका प्रमुख र उपप्रमुख, (ख) प्रत्येक वडा समितिका वडाध्यक्ष, महिला वडा सदस्य र वडा सदस्यहरू, (ग) नगरपालिका क्षेत्रभित्रका महिलासहित समाज सेवी, आर्थिक तथा सामाजिक दृष्टिकोणले पिछडिएका जाति, जनजाति, दलित तथा आदिवासी मध्ये नगर परिषद्मा प्रतिनिधित्व हुन नसकेका वर्गका दफा ७८ बमोजिम नगरपरिषद्को सदस्यको लागि चाहिने योग्यता पुगेका व्यक्तिहरूमध्ये बाट नगर परिषद्द्वारा मनोनीत कम्तीमा ६ जना र बढीमा बीस जना व्यक्तिहरू ।तर त्यसरी मनोनीत हुने व्यक्तिहरू मध्ये कम्तीमा चालीस प्रतिशत व्यक्तिहरू महिला हुनुपर्नेछ । | **स्थानीय स्वायत्त शासन ऐन, २०५५को दफा ७६(२)(ग) मा** रहेको "**चालिस प्रतिशत**" भन्ने वाक्यांशको सट्टा"पचास प्रतिशत"भन्ने वाक्यांश थप गर्ने । | नगर परिषद्बाट मनोतित गर्दा कम्तीमा पचास प्रतिशत महिला मनोनित गर्नु उपर्युक्त हुने हुँदा । |
| ८. | **स्थानीय स्वायत्त शासन ऐन, २०५५** | दफा ८० | नगरपालिकाको गठनः (१) दफा ७२ बमोजिम तोकिएको नगर क्षेत्रमा नगर परिषद्को कार्यकारिणीको रूपमा एक नगरपालिका गठन गरिनेछ । (२) नगरपालिकामा देहायबमोजिमका प्रमुख, उपप्रमुख र सदस्यहरू रहनेछन्ः- (क) नगर क्षेत्रभित्रका प्रचलित कानुन बमोजिम मतदाता हुन योग्यता पुगेका नेपाली नागरिकहरूले निर्वाचन गरी पठाएका एकजना प्रमुख र एक जना उपप्रमुख, | **स्थानीय स्वायत्त शासन ऐन, २०५५को दफा ८० को उपदफा (२) पछि देहाय अनुसारको उपदफा (३) र (४) थप गर्ने :** "(३) यस दफामा जुनसुकै कुरा लेखिएको भए उपदफा २(क) बमोजिम हुने अध्यक्ष र उपाध्यक्ष पदको निर्वाचनमा लागि पुरूष र महिला पालैपालो एक एक पदावधि अध्यक्ष र उपाध्यक्ष निर्वाचित गरिनेछ । (४) उपदफा (३) बमोजिमको निर्वाचन तोकिए बमोजिम गरिने छ ।" | प्रमुख र उपप्रमुख पदमा महिलाको प्रतिनिधित्व सुनिश्चित गर्न |

| क्र.सं. | कानून | धारा/दफा/नियम | प्रावधानहरू | प्रस्तावित प्रावधानहरू | कारण |
|---|---|---|---|---|---|
| ९. | **स्थानीय स्वायत्त शासन ऐन, २०५५** | दफा १७२ (२) | जिल्ला विकास समितिको गठनः<br>(२) जिल्ला विकास समितिमा देहाय बमोजिमका सदस्यहरू रहनेछन्ः-<br>(क) जिल्लाका प्रत्येक इलाकाभित्रका गाउँ परिषद् र नगर परिषद्का निर्वाचित सदस्यहरूले आफूमध्येबाट प्रत्येक इलाकाबाट एकजनाका दरले निर्वाचित सदस्यहरू,<br>(ख) जिल्लाका प्रत्येक गाउँ परिषद् र नगर परिषद्का निर्वाचित सदस्यहरूले आफूमध्ये बाट निर्वाचित सभापति र उपसभापति,<br>(घ) जिल्लाभित्रका प्रतिनिधि सभा र राष्ट्रिय सभाका सदस्यहरू पदेन सदस्य<br>(ङ) जिल्लाभित्रका एकजना महिलासहित समाजसेवी आर्थिक तथा सामाजिक दृष्टिकोणले पिछडिएका जाति, जनजाति, दलित तथा आदिवासी मध्ये जिल्ला परिषद् मा प्रतिनिधित्व हुन नसकेका वर्गका दफा १७४ बमोजिम जिल्ला परिषद्को सदस्यको लागि चाहिने योग्यता पुगेका व्यक्तिहरूमध्ये बाट जिल्ला परिषद्द्वारा मनोनीत छ जना व्यक्तिहरू । | **स्थानीय स्वायत्त शासन ऐन, २०५५को दफा १८० (२) को सट्टा देहायको दफा १८० (२) राख्ने :**<br>१८० (२): जिल्ला विकास समितिको गठनः<br>(२) जिल्ला विकास समितिमा देहायबमोजिमका सदस्यहरू रहनेछन्ः-<br>(क) जिल्लाका प्रत्येक इलाकाभित्रका गाउँ परिषद् र नगर परिषद्का निर्वाचित सदस्यहरूले आफूमध्येबाट प्रत्येक इलाकाबाट निर्वाचित गरेका एक पूरूष र एक महिला सदस्यहरू,<br>(ख) जिल्लाका प्रत्येक गाउँ परिषद् र नगर परिषद्का निर्वाचित सदस्यहरूले आफूमध्येबाट निर्वाचित सभापति र उपसभापति,<br>(घ) जिल्लाभित्रका व्यवस्थापिका संसदका सदस्यहरू पदेन सदस्य<br>(ङ) जिल्लाभित्रका तीन जना महिलासहित समाजसेवी आर्थिक तथा सामाजिक दृष्टिकोणले पिछडिएका जाति, जनजाति, दलित तथा आदिवासी मध्ये जिल्ला परिषद् मा प्रतिनिधित्व हुन नसकेका वर्गका दफा १७४ बमोजिम जिल्ला परिषद्को सदस्यको लागि चाहिने योग्यता पुगेका व्यक्तिहरूमध्ये बाट जिल्ला परिषद्द्वारा मनोनीत छ जना व्यक्तिहरू । | जिल्ला विकास समितिमा गाउँ परिषद् र नगर परिषद्का निर्वाचित सदस्यहरूले आफूमध्येबाट एक जनाको सट्टा एक पूरूष र एक महिला सदस्य गरी दुई जना पठाउँदा समान प्रतिनिधित्वका साथसाथै व्यवहारिक समेत हुने हुँदा<br><br>प्रतिनिधि सभा र राष्ट्रिय सभा हाल कायम नभई व्यवस्थापिका संसद रहेकोले<br><br>परिषदले मनोनीत गर्ने छ जनामा आधा महिला मनोनित गर्दा समानता र उचित प्रतिनिधित्व हुने हुँदा |

| क्र.सं. | कानून | धारा/दफा/नियम | प्रावधानहरू | प्रस्तावित प्रावधानहरू | कारण |
|---|---|---|---|---|---|
| १०. | **स्थानीय स्वायत्त शासन ऐन, २०५५** | दफा १७६ | **१७६. जिल्ला विकास परिषदको गठन**<br>(२) जिल्ला विकास समितिमा देहायबमोजिमका सदस्यहरू रहनेछन्:-<br>(क) जिल्लाका प्रत्येक इलाकाभित्रका गाउँ परिषद् र नगर परिषद्का निर्वाचित सदस्यहरूले आफूमध्येबाट प्रत्येक इलाकाबाट एक जनाका दरले निर्वाचित सदस्यहरू,<br>(ख) जिल्लाका प्रत्येक गाउँ परिषद् र नगर परिषद्का निर्वाचित सदस्यहरूले आफूमध्ये बाट निर्वाचित सभापति र उपसभापति,<br>(ग) जिल्लाभित्रका प्रतिनिधि सभा र राष्ट्रिय सभाका सदस्यहरू पदेन सदस्य | **स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा १७६ को सट्टा देहायको दफा १७६ राख्ने :**<br>१७६. जिल्ला विकास परिषदको गठन<br>(२) जिल्ला विकास समितिमा देहायबमोजिमका सदस्यहरू रहनेछन्:-<br>(क) जिल्लाका प्रत्येक इलाकाभित्रका गाउँ परिषद् र नगर परिषद्का निर्वाचित सदस्यहरूले आफूमध्येबाट प्रत्येक इलाकाबाट एक पूरूष र एक महिला सदस्यका दरले निर्वाचित सदस्यहरू,<br>(ख) जिल्लाका प्रत्येक गाउँ परिषद् र नगर परिषद्का निर्वाचित सदस्यहरूले आफूमध्येबाट निर्वाचित सभापति र उपसभापति,<br>(ग) जिल्लाभित्रका व्यवस्थापिका संसदका सदस्यहरू पदेन सदस्य | जिल्ला विकास समितिमा गाउँ परिषद् र नगर परिषद्का निर्वाचित सदस्यहरूले आफूमध्येबाट एक जनाको सट्टा एक पूरूष र एक महिला सदस्य गरी दुई जना पठाउँदा समान प्रतिनिधित्वका साथसाथै व्यवहारिक समेत हुने हुँदा<br><br>प्रतिनिधि सभा र राष्ट्रिय सभा हाल कायम नभई व्यवस्थापिका संसद रहेकोले |
| ११. | **स्थानीय स्वायत्त शासन ऐन, २०५५** | दफा १९० (२) | १९०. उप-समिति गठन गर्न सक्ने<br>(२) उपदफा (१) बमोजिम गठन हुने उप-समितिमा उपभोक्ता समूहका प्रतिनिधि, गैर सरकारी संस्थाका प्रतिनिधि, महिला, पिछडिएका वर्ग, बुद्धिजीवी, समाजसेवी तथा विशेषज्ञ समावेश हुन सक्नेछन् । | **स्थानीय स्वायत्त शासन ऐन, २०५५को दफा १९०(२) को सट्टा देहायको दफा १९० (२) राख्ने:**<br>"१९०. उप-समिति गठन गर्न सक्ने<br>(२) उपदफा (१) बमोजिम गठन हुने उप-समितिमा उपभोक्ता समूहका प्रतिनिधि, गैर सरकारी संस्थाका प्रतिनिधि, पिछडिएका वर्ग, बुद्धिजीवी, समाज सेवी तथा विशेषज्ञ समावेश हुन सक्नेछन् । यसरी गठन गरिने उप समितिहरूमा पचास प्रतिशत महिला रहने छन ।" | उप-समितिमा गठन गर्दा महिलाहरूको समान प्रतिनिधित्व सुनिश्चित गर्नु उपर्युक्त हुँदा |

| क्र.सं. | कानून | धारा/दफा/नियम | प्रावधानहरू | प्रस्तावित प्रावधानहरू | कारण |
|---|---|---|---|---|---|
| १२. | **स्थानीय स्वायत्त शासन ऐन, २०५५** | दफा ३५(२) | ३५. मध्यस्थहरूको सूची: (२) उपदफा (१) बमोजिमको मध्यस्थहरूको सूचीमा गाउँ विकास समितिले यथासंभव महिला तथा पिछडिएका वर्गलाई समेत समावेश गर्नु पर्नेछ । | **स्थानीय स्वायत्त शासन ऐन, २०५५को दफा ३५ (२) को सट्टा देहायको दफा "३५ (२) राख्ने :** ३५. मध्यस्थहरूको सूची: (२) उपदफा (१) बमोजिमको मध्यस्थहरूको सूचीमा गाउँ विकास समितिले कम्तीमा एक तिहाई महिला र यथासंभव पिछडिएका वर्गलाई समेत समावेश गर्नु पर्नेछ ।" | मध्यस्थहरूको सूचीमा कम्तीमा एक तिहाई महिला प्रतिनिधित्व सुनिश्चित गर्नु उपर्युक्त हुँदा |
| १३. | **स्थानीय स्वायत्त शासन ऐन, २०५५** | दफा १०३(३) | १०३. मध्यस्थहरूको सूची: (३) उपदफा (१) बमोजिमको मध्यस्थहरूको सूचीमा गाउँ विकास समितिले यथासंभव महिला तथा पिछडिएका वर्गलाई समेत समावेश गर्नु पर्नेछ । | **स्थानीय स्वायत्त शासन ऐन, २०५५को दफा १०३ (३) को सट्टा देहायको उपदफा (३) राख्ने:** "१०३. मध्यस्थहरूको सूची: (३) उपदफा (१) बमोजिमको मध्यस्थहरूको सूचीमा गाउँ विकास समितिले कम्तीमा एक तिहाई महिला र यथासंभव पिछडिएका वर्गलाई समेत समावेश गर्नु पर्नेछ ।" | मध्यस्थहरूको सूचीमा कम्तीमा एक तिहाई महिला प्रतिनिधित्व सुनिश्चित गर्नु उपर्युक्त हुँदा |
| १४. | **गरीबी निवारण कोष ऐन, २०६३** | दफा ११(ज) | (ज) गरीबी निवारणको क्षेत्रमा विशेष योगदान पुऱ्याई राष्ट्रिय जीवनमा ख्याति प्राप्त गरेका व्यक्तिहरू र राष्ट्रिय जीवनमा समुचित प्रतिनिधित्व हुन नसकेका समूह र क्षेत्रका व्यक्तिहरू मध्येबाट कम्तीमा एक जना महिलासहित नेपाल सरकारद्वारा मनोनीत पाँचजना सदस्य | **गरीबी निवारण कोष ऐन, २०६३ को दफा ११(ज) को सट्टा देहायको दफा११ (ज) राख्ने :** "(ज) गरीबी निवारणको क्षेत्रमा विशेष योगदान पुऱ्याई राष्ट्रिय जीवनमा ख्याति प्राप्त गरेका व्यक्तिहरू र राष्ट्रिय जीवनमा समुचित प्रतिनिधित्व हुन नसकेका समूह र क्षेत्रका व्यक्तिहरू मध्येबाट कम्तीमा तीन जना महिलासहित नेपाल सरकारद्वारा मनोनीत पाँचजना सदस्य" | विद्यमान अवस्थामा पदेन सदस्यहरू अधिकांश पुरुष हुने कारण नेपाल सरकारद्वारा मनोनीत गरिने ५ मध्ये ३ जना महिला मनोनित गर्नु उपर्युक्त हुने हुँदा |

| क्र.सं. | कानून | धारा/दफा/नियम | प्रावधानहरू | प्रस्तावित प्रावधानहरू | कारण |
|---|---|---|---|---|---|
| १५. | **लोक सेवा आयोग ऐन, २०६६** | दफा ३५(३) | (३) उपदफा (१) वा (२) बमोजिम अन्तर्वाता समिति गठन गर्दा समावेशी सहभागिता सुनिश्चित गरिनेछ ।<br>स्पष्टीकरण : यस उपदफाको प्रयोजनका लागि अन्तर्वार्ता समितिमा महिला,आदिवासी/जनजाति, मधेशी, दलित, पिछडिएको क्षेत्रका व्यक्तिमध्ये कम्तीमा एकजना सदस्य रहेमा समावेशी सहभागिता सुनिश्चित भएको मानिनेछ । | लोक सेवा आयोग ऐन, २०६६ को दफा ३५(३) को **सट्टा सट्टा देहायको दफा३५ (३) राख्ने :**<br>"(३) उपदफा (१) वा (२) बमोजिम अन्तर्वाता समिति गठन गर्दा पचास प्रतिशत महिला सदस्यको सहभागिताका साथसाथै आदिवासी/जनजाति, मधेशी, दलित, पिछडिएको क्षेत्रको सहभागिता सुनिश्चित गरिनेछ ।" | विद्यमान संरचनामा महिलाको समान सहभागीता सुनिश्चित गर्न |
| १६. | **राष्ट्रिय न्यायिक प्रतिष्ठान ऐन, २०६३** | दफा ६ (ठ) | **६. परिषद्को गठनः**<br>..............<br>(ठ) कानूनमा स्नातकोपाधि हासिल गरी न्याय र कानूनको क्षेत्रमा कम्तीमा पन्ध्र बर्ष काम गरेका व्यक्तिहरूमध्येबाट महिला, जनजाति र दलितबाट प्रतिनिधित्व हुने गरी तीनजना | **राष्ट्रिय न्यायिक प्रतिष्ठान ऐन, २०६३ को दफा ६(ठ) पश्चात देहायको अन'सारको प्रतिबन्धात्मक वाक्यांश थप गर्ने**<br>"तर यसरी गठन हुने परिषदमा कम्तीमा एक तिहाई सदस्य महिला हुनुपर्ने छ ।" | न्यायिक परिषदमा कम्तीमा एक तिहाई महिला प्रतिनिधित्व सुनिश्चित गर्नु उपर्युक्त हुंदा |
| १७. | **नेपाल कानून आयोग ऐन, २०६३** | दफा ४(ग) | **४. आयोगको गठनः**<br>(ग) खण्ड (ख) बमोजिमको योग्यता पुगे का व्यक्तिहरूमध्येबाट नेपाल सकारले मनोनीत गरेको कम्तीमा एकजना महिला रहने गरी बढीमा तीनजना सदस्य | **नेपाल कानून आयोग ऐन, २०६३ को दफा ४(ग) मा** रहेको "**कम्तीमा एक जना महिला**"भन्ने वाक्यांशको सट्टा"**कम्तीमा द'ई जना महिला**"भन्ने वाक्यांश थप गर्ने | विद्यमान अवस्थामा पदेन सदस्यहरू अधिकांश पुरूष हुने कारण नेपाल सरकारद्वारा मनोनीत गरिने ३ मध्ये २ जना महिला मनोनित गर्नु उपर्युक्त हुने हुंदा |

| क्र.सं. | कानून | धारा/दफा/नियम | प्रावधानहरू | प्रस्तावित प्रावधानहरू | कारण |
|---|---|---|---|---|---|
| १८. | **विभूषण ऐन, २०६४** | दफा ४(ग) | **विभूषण समिति** : राष्ट्रिय जीवनमा उल्लेखनीय योगदान पुऱ्याएका व्यक्तिहरू मध्येवाट समावेशी सिद्धान्तको आधारमा मन्त्रीपरिषदले तोकेको महिला सहित छ जना सदस्य | **विभूषण ऐन, २०६४ को दफा ४(ग) मा** रहेको "**तोकेको महिला सहित**" भन्ने वाक्यांशको सट्टा "**तोकेको तीन महिला सहित**" भन्ने वाक्यांश थप गर्ने | विद्यमान अवस्थामा पदेन सदस्यहरू अधिकांश पुरुष हुने कारण मन्त्री परिषदद्वारा मनोनीत गरिने ६ मध्ये ३ जना महिला मनोनित गर्नु उपर्युक्त हुने हुँदा |
| १९. | **प्रतिस्पर्धा प्रवर्द्धन तथा बजार संरक्षण ऐन, २०६३** | दफा १२(च) | **१२. बोर्डको गठन** :<br>(च) उपभोक्ता हकहितसँग सम्बन्धित संघसंस्थामा कार्यरत व्यक्तिहरूमध्येबाट कम्तीमा एकजना महिला रहने गरी नेपाल सरकारले मनोनीत गरेको चारजना - सदस्य | **प्रतिस्पर्धा प्रवर्द्धन तथा बजार संरक्षण ऐन, २०६३** को दफा १२(च) मा रहेको "**एकजना महिला रहने**" भन्ने वाक्यांशको सट्टा "**दुई महिला रहने**" भन्ने वाक्यांश थप गर्ने | विद्यमान अवस्थामा पदेन सदस्यहरू अधिकांश पुरुष हुने कारण नेपाल सरकारद्वारा मनोनीत गरिने ४ मध्ये २ जना महिला मनोनित गर्नु उपर्युक्त हुने हुँदा |
| २०. | **खानेपानी महसुल निर्धारण आयोग ऐन, २०६३** | दफा ३(ग) | **आयोगको गठन तथा काम, कर्तव्य र अधिकार**<br>(ग) मान्यताप्राप्त शिक्षण संस्थाबाट इञ्जिनियरिङ्, समाजशास्त्र वा कानून विषयमा कम्तीमा स्नातक उपाधि हासिल गरी सम्बन्धित क्षेत्रमा कम्तीमा सात वर्षको अनुभव प्राप्त गरेका महिला, दलित र जनजातिमध्येबाट नेपाल सरकारले नियुक्त गरेको एकजना -सदस्य | **खानेपानी महसुल निर्धारण आयोग ऐन, २०६३ को दफा ३(ग) को सट्टा देहाय अनुसारको दफा ३(ग) को थप गर्ने:**<br>**आयोगको गठन तथा काम, कर्तव्य र अधिकार**<br>(ग) मान्यताप्राप्त शिक्षण संस्थाबाट इञ्जिनियरिङ्, समाजशास्त्र वा कानून विषयमा कम्तीमा स्नातक उपाधि हासिल गरी सम्बन्धित क्षेत्रमा कम्तीमा सात वर्षको अनुभव प्राप्त गरेका दुई महिला सहित दलित र जनजातिमध्येबाट नेपाल सरकारले नियुक्त गरेको तीन जना -सदस्य | आयोगको सदस्य संख्या नतोकिएको र महिला सहभागीता बढाउन<br><br>विद्यमान अवस्थामा पदेन सदस्यहरू अधिकांश पुरुष हुने कारण नेपाल सरकारद्वारा मनोनीत गरिने ३ मध्ये २ जना महिला मनोनित गर्नु उपर्युक्त हुने हुँदा |

| क्र.सं. | कानून | धारा/दफा/नियम | प्रावधानहरू | प्रस्तावित प्रावधानहरू | कारण |
|---|---|---|---|---|---|
| २१. | **नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठान ऐन, २०४८** | प्रज्ञा प्रतिष्ठानको संगठनको स्वरूप र प्राज्ञसभा (ज) | **प्रज्ञा प्रतिष्ठानको संगठनको स्वरूप र प्राज्ञसभा** (ज) प्राज्ञहरूमध्येबाट समावेशीतालाई ध्यानमा राखी महिलाहरू समेतको उपयुक्त प्रतिनिधित्व हुने गरी कुलपतिबाट मनोनीत सत्ताइसजना - सदस्य | **नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठान ऐन, २०४८ को दफा (ज) मा रहेको "महिलाहरू समेतको**"भन्ने वाक्यांशको सट्टा" **चौध महिला सहित अन्य वर्गको** "भन्ने वाक्यांश थप गर्ने | विद्यमान अवस्थामा पदेन सदस्यहरू अधिकांश पुरुष हुने कारण कुलपतिद्वारा मनोनीत गरिने २७ मध्ये १४ जना महिला मनोनित गर्नु उपर्युक्त हुने हुँदा |
| २२. | **श्रमजीवी पत्रकार सम्बन्धी ऐन, २०५१** | पारिश्रमिक तथा क्षतिपूर्ति (ङ) | **पारिश्रमिक तथा क्षतिपूर्ति** (ङ) श्रमजीवी पत्रकारहरूमध्येबाट कम्तीमा एकजना महिला रहने गरी नेपाल पत्रकार महासंघले तोकेका तीनजना - सदस्य | **श्रमजीवी पत्रकार सम्बन्धी ऐन, २०५१ को दफा** (ङ) मा रहेको " **कम्तीमा एक जना महिला**"भन्ने वाक्यांशको सट्टा"**दुई जना महिला** "भन्ने वाक्यांश थप गर्ने | विद्यमान अवस्थामा पदेन सदस्यहरू अधिकांश पुरुष हुने कारण नेपाल पत्रकार महासंघ द्वारा मनोनीत गरिने ३ मध्ये २ जना महिला मनोनित गर्नु उपर्युक्त हुने हुँदा |
| २३. | **सूचनाको हक सम्बन्धी ऐन, २०६४** | आयोग सम्बन्धी व्यवस्था (४) | **आयोग सम्बन्धी व्यवस्था** (४) उपदफा (३) बमोजीमको समितिको सिफारिसमा नेपाल सरकारले प्रमुख सुचना आयुक्त र सूचना आयुक्तको नियुक्ति गर्नेछ त्यसरी नियुक्ति गर्दा कम्तीमा एकजना महिला समावेश हुने गरी नियुक्त गर्नु पर्ने | **सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ..... उपदफाको** (४) **को सट्टा देहायको दफा उपदफा** (४) **राख्ने :** **आयोग सम्बन्धी व्यवस्था** (४) उपदफा (३) बमोजीमको समितिको सिफारिसमा नेपाल सरकारले प्रमुख सुचना आयुक्त र सूचना आयुक्तको नियुक्ति गर्नेछ त्यसरी नियुक्ति गर्दा कम्तीमा एक तिहाई महिला समावेश हुने गरी नियुक्त गर्नु पर्ने | हालको अवस्थामा आयोगहरू गठन गर्दा नै कम्तीमा एक तिहाई महिला समावेश गर्नु उपर्युक्त हुने हुँदा |
| २४. | **बिउ बिजन ऐन, २०४५** | दफा ३.२.७ | ३. **राष्ट्रिय बीउ बिजन समितिको गठन:** ३.२.७. नेपाल सरकारद्वारा मनोनित तरकारी, खाद्यन्न, खासबाली बिज्ञानसँग सम्बन्धीत | **बिउ बिजन ऐन, २०४५ को दफा ३ को उपदफा** २(७) **को** मा रहेको **"मध्ये महिला**"भन्ने वाक्यांशको सट्टा"**मध्ये दुई जना महिला** "भन्ने वाक्यांश थप गर्ने: | विद्यमान अवस्थामा पदेन सदस्यहरू अधिकांश पुरुष हुने कारण नेपाल सरकारद्वारा मनोनीत गरिने ३ मध्ये २ जना |

| क्र.सं. | कानून | धारा/दफा/नियम | प्रावधानहरू | प्रस्तावित प्रावधानहरू | कारण |
|---|---|---|---|---|---|
| | | | वैज्ञानिक मध्ये महिला सहित ३ जना - सदस्य | | महिला मनोनित गर्नु उपर्युक्त हुने हुँदा |
| २५. | **बिरुवा संरक्षण ऐन, २०६४** | दफा ३(ज) | **समिति तथा संगठन सम्बन्धी व्यवस्था**<br>(ज) बिषयत अनुभव भएका कृषक मध्ये नेपाल सरकारले मनोनयन गरेका कम्तीमा १ जना महिला सहित ३ जना व्यक्ति - सदस्य | **बिरुवा संरक्षण ऐन, २०६४ को दफा ३ को उपदफा (ज)** मा रहेको "**कम्तीमा १ जना महिला**" भन्ने वाक्यांशको सट्टा"**कम्तीमा दुई जना महिला**" भन्ने वाक्यांश थप गर्ने । | विद्यमान अवस्थामा पदेन सदस्यहरू अधिकांश पुरुष हुने कारण नेपाल सरकारद्वारा मनोनीत गरिने ३ मध्ये २ जना महिला मनोनित गर्नु उपर्युक्त हुने हुँदा |
| २६. | **खेलकूद विकास ऐन, २०४८** | दफा ३(ख) | ३. **परिषद्को स्थापना:**<br>(ख) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय खेलेल जगतमा प्रतिभा आर्जन गरेकेका कम्तीमा तीनजना महिला सहित चारजना खेलाडी पर्ने गरी नेपाल सरकारबाट मनोनीत बढीमा एघारजना - सदस्य (२०६३)मा सन्सोधन | **खेलकूद विकास ऐन, २०४८ को दफा ३ को उपदफा (ख)** मा रहेको "**कम्तीमा तीन जना महिला**"भन्ने वाक्यांशको सट्टा"**कम्तीमा छ जना महिला** "भन्ने वाक्यांश थप गर्ने ।<br><br>३. **परिषद्को स्थापना:**<br>(ख) राष्ट्रिय तथा अन्तर्रीष्ट्रिय खेल जगतमा प्रतिभा आर्जन गरेका कम्तीमा छ जना महिला सहित चारजना खेलाडी पर्ने गरी नेपाल सरकारबाट मनोनीत बढीमा एघारजना - सदस्य (२०६३)मा सन्शोधन | विद्यमान अवस्थामा पदेन सदस्यहरू अधिकांश पुरुष हुने कारण नेपाल सरकारद्वारा मनोनीत गरिने ११ मध्ये ६ जना महिला मनोनित गर्नु उपर्युक्त हुने हुँदा |
| २७. | **लुम्बिनी बौद्ध विश्वविद्यालय ऐन, २०६३** | दफा ७(द) | **विश्वविद्यालय सभासम्बन्धी व्यवस्था**<br>७. **सभाको गठन :**<br>(द) बौद्ध दर्शन, साहित्य, शिक्षा र संस्कृतिका ख्यातिप्राप्त विद्वानहरूमध्येबाट प्रत्येक विकासक्षेत्रबाट एकजना महिला पर्ने गरी दशजना - सदस्य | **लुम्बिनी बौद्ध विश्वविद्यालय ऐन, २०६३को दफा ७ को उपदफा (द)** मा रहेको " प्रत्येक विकासक्षेत्रबाट एकजना महिला"भन्ने वाक्यांशको सट्टा"प्रत्येक विकासक्षेत्रबाट एक महिला र एक पूरूष "भन्ने वाक्यांश थप गर्ने । | विश्वविद्यालय सभा गठन गर्दा प्रत्येक विकासक्षेत्रबाट एक महिला र एक पूरूष पर्ने गरी राख्नुउपर्युक्त हुने हुँदा |

| क्र.सं. | कानून | धारा/दफा/नियम | प्रावधानहरू | प्रस्तावित प्रावधानहरू | कारण |
|---|---|---|---|---|---|
| २८. | **लुम्बिनी बौद्ध विश्वविद्यालय ऐन, २०६३** | दफा ७(ध) | (ध) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रूपमा मान्यताप्राप्त बौद्ध दर्शनसम्बन्धी संस्थाका प्रतिनिधिहरूमध्येबाट कम्तीमा तीनजना महिला पर्ने गरी सातजना - सदस्य | **लुम्बिनी बौद्ध विश्वविद्यालय ऐन, २०६३ को दफा ७ को उपदफा (ध)** मा रहेको "तीन जना महिला"भन्ने वाक्यांशको सट्टा"चार जना महिला"भन्ने वाक्यांश थप गर्ने । | विद्यमान अवस्थामा पदेन सदस्यहरू अधिकांश पुरूष हुने कारण संस्थाको प्रतिनिधि चयन गर्दा ७ मध्ये ४ जना महिला मनोनित गर्नु उपर्युक्त हुने हुँदा |
| २९. | **कृषि तथा वन विज्ञान विश्वविद्यालय ऐन, २०६७** | दफा ७(न) | **सभाको गठन तथा काम, कर्तव्य र अधिकार**<br>(७) **सभाको गठन:**<br>(न) कृषि, वन तथा पशु विज्ञानको क्षेत्रमा विशिष्ट योगदान पुऱ्याएका व्यक्तिहरूमध्येबाट कम्तीमा एकजना महिला सहित तीनजना - सदस्य | **कृषि तथा वन विज्ञान विश्वविद्यालय ऐन, २०६७ को दफा ७ को उपदफा (न)** मा रहेको "एक जना महिला" भन्ने वाक्यांशको सट्टा"दुई जना महिला" भन्ने वाक्यांश थप गर्ने। | विद्यमान अवस्थामा पदेन सदस्यहरू अधिकांश पुरुष हुने कारण विशेषज्ञ मनोनीत गर्दा ३ मध्ये २ जना महिला मनोनित गर्नु उपर्युक्त हुने हुँदा |
| ३०. | **आमाको दूधलाई प्रतिस्थापन गर्ने वस्तु (बिक्री वितरण नियन्त्रण) ऐन, २०४९** | दफा ४(ट) | ४. **स्तनपान संरक्षण तथा सम्वर्धन समिति:**<br>(ट) बच्चाहरूको पालन पोषण तथा स्याहार सम्बन्धी अनुभव प्राप्त आमाहरू मध्येबाट नेपाल सरकारद्वारा मनोनीत एकजना - सदस्य | **आमाको दूधलाई प्रतिस्थापन गर्ने वस्तु (बिक्री वितरण नियन्त्रण) ऐन, २०४९ को दफा ४(ट) को सट्टा देहायको दफा४ (ट) राख्ने :**<br>४. **स्तनपान संरक्षण तथा सम्वर्धन समिति :**<br>(ट) बालबालिकाको पालन पोषण तथा स्याहार सम्बन्धी क्षेत्रमा अनुभव प्राप्त महिलाहरू मध्येबाट नेपाल सरकारद्वारा मनोनीत एकजना - सदस्य | कानूनी व्यवस्थाहरूमा स्वास्नीमानिस, बच्चा जस्ता शब्दको सट्टा मर्यादित र शिष्ट भाषा राख्दा उपर्युक्त हुने हुँदा अनुभवी आमा भन्दा महिला राख्नु सान्दर्भिक हुने हुँदा |
| ३१. | **पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान ऐन, २०६४** | दफा ७(न) | **सभाको गठन तथा काम, कर्तव्य र अधिकार**<br>७. **सभाको गठन :**<br>(न) दलित, आदिवासी/जनजाति, मधेशी तथा पिछडिएका वर्गबाट प्रतिनिधित्व हुने गरी कम्तीमा एकजना महिला सहित कार्यकारी परिषद्को सिफारिसमा सभाबाट मनोनीत चारजना - सदस्य | **पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान ऐन, २०६४ को दफा ७ को उपदफा (न)** मा रहेको "एक जना महिला"भन्ने वाक्यांशको सट्टा"दुई जना महिला"भन्ने वाक्यांश थप गर्ने । | विद्यमान अवस्थामा पदेन सदस्यहरू अधिकांश पुरुष हुने कारण कार्यकारी परिषदले मनोनीत गर्दा ४ मध्ये २ जना महिला मनोनित गर्नु उपर्युक्त हुने हुँदा |

| क्र.सं. | कानून | धारा/दफा/नियम | प्रावधानहरू | प्रस्तावित प्रावधानहरू | कारण |
|---|---|---|---|---|---|
| ३२. | **बालबालीका सम्बन्धि ऐन २०४८** | दफा ३२(१) | **कल्याणकारी व्यवस्था**<br>**३२. केन्द्रीय तथा जिल्ला बाल कल्याण समितिको गठनः**<br>(१) नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी सामाजिक कार्यकर्ता, महिला सामाजिक कार्यकर्ता, चिकित्सकहरू बाल मनोवैज्ञानिक र शिक्षकहरू मध्येबाट समेत सदस्य रहने गरी बढीमा एक्काइस जना सदस्यहरू भएको एक केन्द्रीय बाल कल्याण समिति गठन गर्नेछ । केन्द्रीय बाल कल्याण समितिमा रहने अध्यक्ष र सदस्यहरूको नाम सोही सूचनामा तोकिए बमोजिम हुनेछ । नेपाल सरकारको नीति र निर्देशनको अधीनमा रही सो समितिले काम गर्नेछ । | **बालबालिका सम्बन्धि ऐन २०४८ को दफा ३२ को उपदफा** (१) मा रहेको "मध्येबाट समेत सदस्य रहने गरी बढीमा"भन्ने वाक्यांशको सट्टा"मध्येबाटपचास प्रतिशत महिला सदस्य रहने गरी बढीमा"भन्ने वाक्यांश थप गर्ने । | विद्यमान अवस्थामा पदेन सदस्यहरू अधिकांश पुरूष हुने कारण नेपफ सरकारले मनोनीत गर्दा २१ मध्ये कम्तीमा ५० प्रतिशत महिला मनोनित गर्नु उपर्युक्त हुने हुँदा |
| ३३. | **समाज कल्याण ऐन २०४९** | दफा ५(च) | **५. परिषद्को स्थापना :**<br>(च) कम्तिमा एकजना महिला पर्ने गरी समाज सेवीहरूमध्येबाट नेपाल सरकारद्वारा मनोनीत बढीमा चार जना -सदस्य | **समाज कल्याण ऐन २०४९ को दफा ७ को उपदफा (न)** मा रहेको "एक जना महिला"भन्ने वाक्यांशको सट्टा"दुई जना महिला"भन्ने वाक्यांश थप गर्ने । | विद्यमान अवस्थामा पदेन सदस्यहरू अधिकांश पुरूष हुने कारण समाजसेवी मनोनीत गर्दा ४ मध्ये २ जना महिला मनोनित गर्नु उपर्युक्त हुने हुँदा |
| ३४. | **नेपाल ललितकला प्रज्ञा प्रतिष्ठान ऐन, २०६४** | दफा ७(२)(घ) | **प्रज्ञा प्रतिष्ठानको सङ्गठन**<br>**७. सभा :**<br>(घ) ललितकलाको क्षेत्रसंग सम्बन्धित विशिष्ट व्यक्तिहरूमध्येबाट | **नेपाल ललितकला प्रज्ञा प्रतिष्ठान ऐन, २०६४ को दफा ७ को उपदफा** (२) (**घ**) मा रहेको "ध्यानमा राखी महिलाहरू समेतको उपयुक्त "भन्ने वाक्यांशको सट्टा" ध्यानमा | विद्यमान अवस्थामा पदेन सदस्यहरू अधिकांश पुरूष हुने कारण नेपाल सरकारले मनोनीत गर्दा २४ मध्ये |

| क्र.सं. | कानून | धारा/दफा/नियम | प्रावधानहरू | प्रस्तावित प्रावधानहरू | कारण |
|---|---|---|---|---|---|
| | | | समावेशीतालाई ध्यानमा राखी महिलाहरू समेतको उपयुक्त प्रतिनिधित्व हुने गरी प्रधानमन्त्रीले मनोनेनीत गरेकेको चौबीसजना - सदस्य | राखी कम्तीमा पचास प्रतिशत महिलाको"भन्ने वाक्यांश थप गर्ने। | कम्तीमा ५० प्रतिशत महिला मनोनित गर्नु उपर्युक्त हुने हुँदा |
| ३५. | **नेपाल ललितकला प्रज्ञा प्रतिष्ठान ऐन, २०६४** | दफा ११(ग) | **११. परिषद्‌क्को गठन :**<br>(ग) सभाका मनोनेनीत सदस्यहरू मध्ये बाट कम्तीमा दुईजना महिला सहित सम्भव भएसम्म विभिन्न जात, जाति, भाषाभाषीको प्रतिनिधित्व हुने गरी प्रधानमन्त्रीबाट मनोनीत छजना - सदस्य | **नेपाल ललितकला प्रज्ञा प्रतिष्ठान ऐन, २०६४ को दफा ११ को उपदफा** ((ग) मा रहेको "दुई जना महिला"भन्ने वाक्यांशको सट्टा"तीन जना महिला"भन्ने वाक्यांश थप गर्ने। | विद्यमान अवस्थामा पदेन सदस्यहरू अधिकांश पुरूष हुने कारण प्रधानमन्त्रीबाट मनोनीत गर्दा ६ मध्ये कम्तीमा ३ जना महिला मनोनित गर्नु उपर्युक्त हुने हुँदा |
| ३६. | **नेपाल प्रज्ञा प्रतिष्ठान ऐन, २०६४** | दफा ७(घ) | **७. सभा :**<br>(घ) नेपालका सबै भाषा, साहित्य, संस्कृति, दर्शन तथा सामाजिकशास्त्रसँग सम्बन्धित विशिष्ट व्यक्तिहरूमध्येबाट समावेशीतालाई ध्यानमा राखी महिलाहरू समेतको उपयुक्त प्रतिनिधित्व हुने गरी प्रधानमन्त्रीले मनोनीत गरेको पैंतीसजना - सदस्य | **नेपाल प्रज्ञा प्रतिष्ठान ऐन, २०६४ को दफा ७ को उपदफा** (घ) मा रहेको "ध्यानमा राखी महिलाहरू समेतको उपयुक्त" भन्ने वाक्यांशको सट्टा "ध्यानमा राखी कम्तीमा पचास प्रतिशत महिलाको" भन्ने वाक्यांश थप गर्ने। | विद्यमान अवस्थामा पदेन सदस्यहरू अधिकांश पुरूष हुने कारण प्रधानमन्त्रीबाट मनोनीत गर्दा ३५ मध्ये कम्तीमा ५० प्रतिशत महिला मनोनित गर्नु उपर्युक्त हुने हुँदा |
| ३७. | **नेपाल प्रज्ञा प्रतिष्ठान ऐन, २०६४** | दफा ११(ग) | **११. परिषद्को गठन :**<br>(ग) सभाका मनोनीत सदस्यहरू मध्ये बाट कम्तीमा तीनजना महिला सहित सम्भव भएसम्म विभिन्न जात, जाति, भाषाभाषीको प्रतिनिधित्व हुने गरी प्रधानमन्त्रीबाट मनोनीत आठजना - सदस्य | **नेपाल प्रज्ञा प्रतिष्ठान ऐन, २०६४ को दफा ११ को उपदफा** (ग) मा रहेको "कम्तीमा तीनजना महिला सहित"भन्ने वाक्यांशको सट्टा" कम्तीमा चार जना महिला सहित" भन्ने वाक्यांश थप गर्ने। | विद्यमान अवस्थामा पदेन सदस्यहरू अधिकांश पुरूष हुने कारण प्रधानमन्त्रीबाट मनोनीत गर्दा ८ मध्ये कम्तीमा ४ जना महिला मनोनित गर्नु उपर्युक्त हुने हुँदा |

| क्र.सं. | कानून | धारा/दफा/नियम | प्रावधानहरू | प्रस्तावित प्रावधानहरू | कारण |
|---|---|---|---|---|---|
| ३८. | **चलचित्र (निर्माण प्रदर्शन तथा वितरण) नियमावली, २०५७** | नियम १६ (घ) | चलचित्र जाँच समितिको गठन : स्वेदशी तथा विदेशी चलचित्र जाँच गर्नको लागि केन्द्रियस्तरमा देहाय बमोजीमको एक केन्दिय चलचित्र जाँच समिति रहनेछ (घ) चलचित्र सम्वन्धी विषयमा विशेष ज्ञान व्यक्तिहरूमध्ये वाट कमतिमा एक जना महिला सहित मन्त्रालयले तोकेको तीन जना सदस्य (२०६६/९/२७ संसोधन) | चलचित्र (निर्माण प्रदर्शन तथा वितरण) नियमावली,२०५७)को नियम १६ (घ) मा रहेको "कम्तीमा एक जना महिला"भन्ने वाक्यांशको सट्टा" प्रतिनिधित्व हुने गरि कम्तीमा दुई जना महिला"भन्ने वाक्यांश थप गर्ने। | विद्यमान अवस्थामा पदेन सदस्यहरू अधिकांश पुरुष हुने कारण चलचित्र जाँच समितिमा मन्त्रालयबाट मनोनित हुने ३ मा २ महिला सदस्य सुनिश्चितता गर्न |
| ३९. | **खानेपानी नियमावली, २०५५** | नियम ३(२) | <u>उपभोक्ता सस्थाको गठन</u> (२) बमोजीम गठन गरिने उपभोक्ता सस्थाको कार्यकारी समितिमा कम्तीमा दुईजना महिला सहित ९ जना व्यक्तिहरू सदीय रहने छन् । | खानेपानी नियमावली ,२०५५ को नियम ३(२) मा रहेको "कम्तीमा दुई जना महिला"भन्ने वाक्यांशको सट्टा" प्रतिनिधित्व हुने गरि कम्तीमा पाँच जना महिला"भन्ने वाक्यांश थप गर्ने। | विद्यमान अवस्थामा पदेन सदस्यहरू अधिकांश पुरुष हुने कारण उपभोक्ता सस्थामा मनो नित हुने ९ जनामा ४ जना महिला सदस्य सुनिश्चितता गर्न |
| ४०. | **बालबालीका सम्बन्धि ऐन २०४८** | दफा ३२(१) | **कल्याणकारी व्यवस्था**<br>**३२. केन्द्रीय तथा जिल्ला बाल कल्याण समितिको गठनः**<br>(१) नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी सामाजिक कार्यकर्ता, महिला सामाजिक कार्यकर्ता, चिकित्सकहरू बाल मनोवैज्ञानिक र शिक्षकहरू मध्येबाट समेत सदस्य रहने गरी बढीमा एक्काइस जना सदस्यहरू भएको एक केन्द्रीय बाल कल्याण समिति गठन गर्नेछ । केन्द्रीय बाल कल्याण समितिमा रहने अध्यक्ष र सदस्यहरूको नाम सोही सूचनामा तोकिए | **बालबालिका सम्बन्धि ऐन २०४८ को दफा ३२** (१) **मा** रहेको "शिक्षकहरू मध्येबाट समेत सदस्य रहने गरी बढीमा एक्काइस जना"भन्ने वाक्यांशको सट्टा" शिक्षकहरू मध्ये बाट समेत सदस्य रहने गरी एघारजना महिला सहित बढीमा एक्काइस जना "भन्ने वाक्यांश थप गर्ने। | बालबालिकाहरूको सम्बन्धमा गठन हुने केन्द्रीय तथा जिल्ला बाल कल्याण समितिको गठन गर्दा एक तिहाई महिला सहभागिता सुनिश्चित गर्नु उपर्युक्त हुने हुँदा |

| क्र.सं. | कानून | धारा/दफा/नियम | प्रावधानहरू | प्रस्तावित प्रावधानहरू | कारण |
|---|---|---|---|---|---|
| | | | बमोजिम हुनेछ । नेपाल सरकारको नीति र निर्देशनको अधीनमा रही सो समितिले काम गर्नेछ । | | |
| ४१. | **बालबालीका सम्बन्धि ऐन २०४८** | दफा ३२(२) | (२) प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा प्रत्येक जिल्लामा एक जिल्ला बालकल्याण समिति गठन गरिनेछ । जिल्ला बाल कल्याण समितिमा अन्य व्यक्तिको अतिरिक्तखास गरीकन देहायका व्यक्तिहरू मध्येबाट प्रमुख जिल्ला अधिकारीले तोकेका व्यक्तिहरू रहनेछन् :<br>(क) सामाजिक सेवामा कार्यरत व्यक्तिहरू,<br>(ख) बालकको हक हित सम्बन्धी कार्यमा संलग्न सामाजिक कार्यकर्ता,<br>(ग) महिला सामाजिक कार्यकर्ता,<br>(घ) चिकित्सकहरू,<br>(ङ) बाल मनोवैज्ञानिकहरू,<br>(च) शिक्षकहरू । | **बालबालिका सम्बन्धि ऐन २०४८ को दफा ३२(२) को व्यवस्था पछि देहाय अनुसारको प्रतिबन्धात्मक बाक्यांश थप गर्ने :**<br>तर यस उपदफा बमोजिम तोकिएका व्यक्तिहरू मध्ये कम्तीमा ५० प्रतिशत महिला सदस्यहरू रहने छन् । | जिल्लास्तरमा गठन गरिने जिल्ला बालकल्याण समितिमा पचास प्रतिशत महिला सहभागिता सुनिश्चित गर्नु उपर्युक्त हुने हुँदा |
| ४२. | **बालबालिका सम्वन्धी नियमावली, २०५१** | नियम १५ (१) | **व्यवस्थापन समिति सम्वन्धी व्यवस्था**<br>व्यवस्थापन समितिको गठन(१) मन्त्रालयले ऐन बमोजीम स्थापित बाल काल्याण गृह ,वाल सुधार गृह, अनाथलय वा सुस्तमनस्थिति केन्द्रको सञालन गर्नको निमित उपलब्ध भएसम्म स्थानीय महिला सामजिक कार्यकर्ता रहने गरी वढीमा सात जना सदस्यहरू भएको एक व्यवस्थापन समिति गठन गर्नेछ । | **बालबालिका सम्वन्धी नियमावली, २०५१ को नियम १५ (१) मा** रहेको "स्थानीय महिला सामजिक कार्यकर्ता रहने गरी वढीमा"भन्ने वाक्यांशको सट्टा" कम्तीमा पचास प्रतिशत महिला सामजिक कार्यकर्ता रहने गरी"भन्ने वाक्यांश थप गर्ने । | विद्यमान अवस्थामा पदेन सदस्यहरू अधिकांश पुरूष हुने कारण व्यवस्थापन समितिहरू गठन गर्दा पचास प्रतिशत महिला सदस्य सुनिश्चितता गर्न |

# शिक्षा

| क्र.सं. | कानून | धारा/दफा/नियम | प्रावधानहरू | प्रस्तावित प्रावधानहरू | कारण |
|---|---|---|---|---|---|
| १. | **छात्रवृत्ति सम्बन्धी ऐन, २०२१** | दफा ३(क) | ३क. छात्रवृत्ति सुरक्षित गरिने : नेपाल सरकारलाई प्राप्त भएको छात्रवृत्तिमध्ये विपन्न, महिला, अपांङग, जनजाति र दलित तथा तोकोएको दुगुम क्षेत्रेत्रको व्यक्तिलाई तोकिए बमोजिम सुररक्षित गरिनेछ । | **छात्रवृत्ति सम्बन्धी ऐन, २०२१ख दफा ३क को को** सट्टा देहायको दफा ३क राख्नेः<br>"३क. छात्रवृत्ति सुरक्षित गरिने : नेपाल सरकारलाई प्राप्त भएको छात्रवृत्तिको कूल मध्ये ४५ प्रतिशत छात्रवृत्ति आरक्षण गरी सो मा देहाय अनुसार आरक्षण गर्नु पर्छ :<br>(क) महिला - तेत्तीस प्रतिशत<br>(ख) आदिवासी/जनजाति - सत्ताईस प्रतिशत<br>(ग) तराई-मधेशमा बसोबास गर्ने मधेशी, आदिवासी/जनजाति, दलित, पिछडा वर्ग वा अल्पसंख्यक मुसलमान समुदाय - बाईस प्रतिशत<br>(घ) दलित - नौ प्रतिशत<br>(ङ) अपाङ्गता भएका व्यक्ति - पाँच प्रतिशत<br>(च) पिछडिएको क्षेत्र - चार प्रतिशत<br>खण्ड (क) बाहेक अन्य समुहबाट छनौट गर्दा आधा महिला छनौट गर्नु पर्ने छ ।" | विद्यमान छात्रवृत्ति सम्बन्धी व्यवस्थाले महिलालाई विपन्न, अपाङ्गता भएका व्यक्ति, जनजाति र दलितसँग राख्ने कार्य अनुपयुक्त रहेको |
| २. | **शिक्षा ऐन, २०२८** | दफा १२(ख) | १२. **विद्यालय व्यवस्थापन समितिः**<br>(ख)अभिभावकहरूले आफूहरूमध्येबाट छानी पठाएका एकजना महिला सहित तीनजना -सदस्य (२०५८ मा सन्सोधन) | **शिक्षा ऐन, २०२८ को दफा १२ (ख) मा** रहेको "एक जना महिला"भन्ने वाक्यांशको सट्टा"दुई जनामहिला"भन्ने वाक्यांश थप गर्ने । | विद्यमान अवस्थामा पदेन सदस्यहरू अधिकांश पुरूष हुने कारण व्यवस्थापन समितिमा आउने ३ मध्ये २ जना महिला सदस्यलाई सुनिश्चित गर्न |

| क्र.सं. | कानून | धारा/दफा/नियम | प्रावधानहरू | प्रस्तावित प्रावधानहरू | कारण |
|---|---|---|---|---|---|
| ३. | **शिक्षा ऐन, २०२८** | दफा १६घ(२) | **शुल्कसम्बन्धी व्यवस्थाः**<br>(२) सामुदायिक विद्यालयको निम्न माध्यमिक तह र माध्यमिक तहमा अध्ययन गर्ने विद्यार्थीसँग लिइने शुल्क तोकिएको आधारमा निर्धारण गरिनेछ । तर गरीबीको रेखामुनि रहेका ........ महिला लगायत अन्य विद्यार्थीलाई सामुदायिक विद्यालयमा निःशुल्क शिक्षा प्रदान गर्ने व्यवस्था गरिनेछ । | **शिक्षा ऐन, २०२८ को दफा १६ (घ २)को** व्यवस्थाको सट्टादेहायको व्यवस्था राख्ने ।<br>"(२) सामुदायिक विद्यालयको निम्न माध्यमिक तह र माध्यमिक तहमा अध्ययन गर्ने विद्यार्थीसँग लिइने शुल्क तोकिएको आधारमा निर्धारण गरिनेछ । तर महिला विद्यार्थी तथा गरीबीको रेखामुनि रहेका ........ लगायत अन्य विद्यार्थीलाई सामुदायिक विद्यालयमा निःशुल्क शिक्षा प्रदान गर्ने व्यवस्था गरिनेछ ।" | महिला समष्टीमा पछि परेको विद्यमान अवस्थामा गरिवीको रेखा मुनि रहेका बर्गसँग राख्ने कार्य अनुपयुक्त रही सो लाई छुट्टाउन आवश्यक देखिएकोले |
| ४. | **शिक्षा ऐन, २०२८** | दफा १६ञ.(१) | **१६ञ. संस्थागत विद्यालयले छात्रवृत्ति उपलब्ध गराउनु पर्ने :**<br>(१) संस्थागत विद्यालयले विद्यालयमा भर्ना भएका कुल विद्यार्थी संख्याको कम्तीमा दश प्रतिशतमा नघट्ने गरी तोकिए बमोजिम विपन्न, अपाङ्ग, महिला, दलित वा जनजाति विद्यार्थीलाई निःशुल्क छात्रवृत्ति उपलब्ध गराउनु पर्नेछ । | **शिक्षा ऐन, २०२८ को दफा १६ (ञ)१ को सट्टा देहायको दफा १६(ञ)१** राख्ने<br>१६(ञ)१ "संस्थागत विद्यालयले विद्यालयमा भर्ना भएका कुल विद्यार्थी संख्याको ४५ प्रतिशत सिट आरक्षण गरि देहाय अनुसार गर्नु पर्छ :<br>(क) महिला - तेत्तीस प्रतिशत<br>(ख) आदिवासी/जनजाति - सत्ताईस प्रतिशत<br>(ग) तराई-मधेशमा बसोबास गर्ने मधेशी, आदिवासी/जनजाति, दलित, पिछडा वर्ग वा अल्पसंख्यक मुसलमान समुदाय - बाईस प्रतिशत<br>(घ) दलित - नौ प्रतिशत<br>(ङ) अपाङ्गता भएका व्यक्ति - पाँच प्रतिशत<br>(च) पिछडिएको क्षेत्र - चार प्रतिशत<br>खण्ड (क) बाहेक अन्य समुहबाट छनौट गर्दा आधा महिला छनौट गर्नु पर्ने छ ।" | संस्थागत विद्यालयले महिलालाई कम्तीमा एक तिहाई छात्रवृत्ति सुरक्षित गरी शिक्षामा थप पहुँच सुनिश्चित गर्न |

| क्र.सं. | कानून | धारा/दफा/नियम | प्रावधानहरू | प्रस्तावित प्रावधानहरू | कारण |
|---|---|---|---|---|---|
| ५. | **लुम्बिनी बौद्ध विश्वविद्यालय ऐन, २०६३** | दफा ३३ | **विविध**<br>३३. **विद्यार्थी भर्नाको लागि आरक्षण गर्न सक्ने** : विश्वविद्यालयले दुर्गम तथा अन्य क्षेत्रका पिछडिएका तथा विपन्न महिला, अपाङ्ग, आदिवासी जनजाति, मधेसी वा दलितलाई विश्वविद्यालयमा भर्ना हुनको लागि तोकिएबमोजिम आरक्षणको व्यवस्था गर्न सक्नेछ । | **लुम्बिनी बौद्ध विश्वविद्यालय ऐन, २०६३ को दफा ३३ को** व्यवस्थाको सट्टादेहायको नयाँ व्यवस्था राख्ने ।<br><br>"**विविध**<br>३३. **विद्यार्थी भर्नाको लागि आरक्षण गर्न सक्ने**: विश्वविद्यालयले कुल मध्ये ४५ प्रतिशत सीट आरक्षण गरी सो मा देहाय अनुसार सीट आरक्षण गर्नु पर्छ :<br>(क) महिला - तेत्तीस प्रतिशत<br>(ख) आदिवासी/जनजाति - सत्ताईस प्रतिशत<br>(ग) तराई-मधेशमा बसोबास गर्ने मधेशी, आदिवासी/जनजाति, दलित, पिछडा वर्ग वा अल्पसंख्यक मुसलमान समुदाय - बाईस प्रतिशत<br>(घ) दलित - नौ प्रतिशत<br>(ङ) अपाङ्गता भएका व्यक्ति - पाँच प्रतिशत<br>(च) पिछडिएको क्षेत्र - चार प्रतिशत<br>खण्ड (क) बाहेक अन्य समुहबाट छनौट गर्दा आधा महिला छनौट गर्नु पर्ने छ । " | विद्यार्थी भर्नामा महिलाको स्थान आरक्षण हाल प्रचलनमा रहेको आरक्षण पदतिलाई शिक्षा क्षेत्रमा समेत अवलम्बन गर्दा निर्विवादित र उपर्युक्त हुने हुँदा<br><br>महिला बाहेकको अन्य बर्गबाट समेत महिलाको स्थान सुनिश्चित गर्न |
| ६. | **सुदूरपश्चिमाञ्चल विश्वविद्यालय ऐन, २०६७** | दफा ३५(२) | **विविध**<br>३५. विश्वविद्यालयमा भर्ना हुन चाहिने योग्यता : (२) विश्वविद्यालयले विद्यार्थी भर्ना गर्दा नेपाल सरकारको नीति अनुरूप महिला, आदिवासी/जनजाति, मधेशी, दलित, अपाङ्ग, पिछडिएको वर्ग वा समुदायका | **सुदूरपश्चिमाञ्चल विश्वविद्यालय ऐन, २०६७ को दफा ३५(२) को** व्यवस्थाको सट्टादेहायको नयाँ व्यवस्था राख्ने ।<br><br>"**विविध**<br>३३. **विद्यार्थी भर्नाको लागि आरक्षण गर्न सक्ने** : विश्वविद्यालयले कुल मध्ये ४५ प्रतिशत सीट | विद्यार्थी भर्नामा महिलाको स्थान आरक्षण हाल प्रचलनमा रहेको आरक्षण पदतिलाई शिक्षा क्षेत्रमा समेत अवलम्बन गर्दा निर्विवादित र उपर्युक्त हुने हुँदा |

| क्र.सं. | कानून | धारा/दफा/नियम | प्रावधानहरू | प्रस्तावित प्रावधानहरू | कारण |
|---|---|---|---|---|---|
| | | | विद्यार्थीलाई तोकिएको प्रतिशतको आधारमा भर्नाको लागि स्थान सुरक्षित गर्नु पर्नेछ । | आरक्षण गरी सो मा देहाय अनुसार सीट आरक्षण गर्नु पर्छ :<br>(क) महिला - तेत्तीस प्रतिशत<br>(ख) आदिवासी/जनजाति - सत्ताईस प्रतिशत<br>(ग) तराई-मधेशमा बसोबास गर्ने मधेशी, आदिवासी/जनजाति, दलित, पिछडा वर्ग वा अल्पसंख्यक मुसलमान समुदाय - बाईस प्रतिशत<br>(घ) दलित - नौ प्रतिशत<br>(ङ) अपाङ्गता भएका व्यक्ति - पाँच प्रतिशत<br>(च) पिछडिएको क्षेत्र - चार प्रतिशत<br>खण्ड (क) बाहेक अन्य समुहबाट छनौट गर्दा आधा महिला छनौट गर्नु पर्ने छ । " | महिला बाहेकको अन्य बर्गबाट समेत महिलाको स्थान सुनिश्चित गर्न |
| ७. | **मध्यपश्चिमाञ्चल विश्वविद्यालय ऐन, २०६७** | दफा ३५(२) | **विविध**<br>**३५. विश्वविद्यालयमा भर्ना हुनु चाहिने योग्यता:**<br>(२) विश्वविद्यालयले विद्यार्थी भर्ना गर्दा नेपाल सरकारको नीति अनुरूप महिला, आदिवासी/जनजाति, मधेशी, दलित, अपाङ्ग, पिछडिएको वर्ग वा समुदायका विद्यार्थीलाई तोकिएको प्रतिशतको आधारमा भर्नाको लागि स्थान सुरक्षित गर्नु पर्नेछ । | **मध्यपश्चिमाञ्चल विश्वविद्यालय ऐन, २०६७ को दफा ३५(२) को** व्यवस्थाको सट्टादेहायको नयाँ व्यवस्था राख्ने :<br><br>**"विविध**<br>३३. **विद्यार्थी भर्नाको लागि आरक्षण गर्न सक्ने** : विश्वविद्यालयले कुल मध्ये ४५ प्रतिशत सीट आरक्षण गरी सो मा देहाय अनुसार सीट आरक्षण गर्नु पर्छ :<br>(क) महिला - तेत्तीस प्रतिशत<br>(ख) आदिवासी/जनजाति - सत्ताईस प्रतिशत<br>(ग) तराई-मधेशमा बसोबास गर्ने मधेशी, आदिवासी/जनजाति, दलित, पिछडा वर्ग वा | विद्यार्थी भर्नामा महिलाको स्थान आरक्षण हाल प्रचलनमा रहेको आरक्षण पदतिलाई शिक्षा क्षेत्रमा समेत अवलम्बन गर्दा निर्विवादित र उपर्युक्त हुने हुँदा<br><br>महिला बाहेकको अन्य बर्गबाट समेत महिलाको स्थान सुनिश्चित गर्न |

| क्र.सं. | कानून | धारा/दफा/नियम | प्रावधानहरू | प्रस्तावित प्रावधानहरू | कारण |
|---|---|---|---|---|---|
| | | | | अल्पसंख्यक मुसलमान समुदाय - बाईस प्रतिशत<br>(घ) दलित - नौ प्रतिशत<br>(ङ) अपाङ्गता भएका व्यक्ति - पाँच प्रतिशत<br>(च) पिछडिएको क्षेत्र - चार प्रतिशत<br>खण्ड (क) बाहेक अन्य समुहबाट छनौट गर्दा आधा महिला छनौट गर्नु पर्ने छ । " | |
| ८. | **कृषि तथा वन विज्ञान विश्वविद्यालय ऐन, २०६७** | दफा ३५(२) | **विविध**<br>**३५. विश्वविद्यालयमा भर्ना हुन चाहिने योग्यता :**<br>(२) विश्वविद्यालयले विद्यार्थी भर्ना गर्दा नेपाल सरकारको नीति अनुरूप महिला, आदिवासी/जनजाति, मधेशी, दलित, अपाङग, पिछडिएको वर्ग वा समुदायका विद्यार्थीलाई तोकिएको प्रतिशतको आधारमा भर्नाको लागि स्थान सुरक्षित गर्नु पर्नेछ । | **कृषि तथा वन विज्ञान विश्वविद्यालय ऐन, २०६७ को दफा ३५(२) को** व्यवस्थाको सट्टादेहायको नयाँ व्यवस्था राख्ने ।<br>"**विविध**<br>३३. **विद्यार्थी भर्नाको लागि आरक्षण गर्न सक्ने** : विश्वविद्यालयले कुल मध्ये ४५ प्रतिशत सीट आरक्षण गरी सो मा देहाय अनुसार सीट आरक्षण गर्नु पर्छ :<br>(क) महिला - तेत्तीस प्रतिशत<br>(ख) आदिवासी/जनजाति - सत्ताईस प्रतिशत<br>(ग) तराई-मधेशमा बसोबास गर्ने मधेशी, आदिवासी/जनजाति, दलित, पिछडा वर्ग वा अल्पसंख्यक मुसलमान समुदाय - बाईस प्रतिशत<br>(घ) दलित - नौ प्रतिशत<br>(ङ) अपाङ्गता भएका व्यक्ति - पाँच प्रतिशत<br>(च) पिछडिएको क्षेत्र - चार प्रतिशत<br>खण्ड (क) बाहेक अन्य समुहबाट छनौट गर्दा आधा महिला छनौट गर्नु पर्ने छ । " | विद्यार्थी भर्नामा महिलाको स्थान आरक्षण हाल प्रचलनमा रहेको आरक्षण पदतिलाई शिक्षा क्षेत्रमा समेत अवलम्बन गर्दा निर्विवादित र उपर्युक्त हुने हुँदा<br><br>महिला बाहेकको अन्य बर्गबाट समेत महिलाको स्थान सुनिश्चित गर्न |

| क्र.सं. | कानून | धारा/दफा/नियम | प्रावधानहरू | प्रस्तावित प्रावधानहरू | कारण |
|---|---|---|---|---|---|
| ९. | **पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान ऐन, २०६४** | दफा ३३(१) | **विविध**<br>**३३. आरक्षण सम्बन्धी व्यवस्था :**<br>(१) प्रतिष्ठानले प्रत्येक शैक्षिक सत्रमा भर्ना गर्ने कुल विद्यार्थी संख्याको कम्तीमा दश प्रतिशतमा नघट्ने गरी ग्रामीण क्षेत्रमा बसो बास गरी सामुदायिक विद्यालयमा अध्ययन गरी प्रवेशिका उत्तीर्ण गरेका महिला, दलित, आदिवासी/ जनजाति, मधेशी तथा पिछडिएको क्षेत्रका विद्यार्थीको लागि आरक्षणको व्यवस्था गर्नु पर्नेछ । | **पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान ऐन, २०६४ को दफा ३३(१) को** व्यवस्थाको सट्टा देहायको नयाँ व्यवस्था राख्ने ।<br>"**विविध**<br>३३. **विद्यार्थी भर्नाको लागि आरक्षण गर्न सक्ने** : विश्वविद्यालयले कुल मध्ये ४५ प्रतिशत सीट आरक्षण गरी ग्रामीण क्षेत्रमा बसोबास गरी सामुदायिक विद्यालयमा अध्ययन गरी प्रवेशिका उत्तीर्ण गरेकालाई सो मा देहाय अनुसार सीट आरक्षण गर्नु पर्छ :<br>(क) महिला - तेत्तीस प्रतिशत<br>(ख) आदिवासी/जनजाति - सत्ताईस प्रतिशत<br>(ग) तराई-मधेशमा बसोबास गर्ने मधेशी, आदिवासी/जनजाति, दलित, पिछडा वर्ग वा अल्पसंख्यक मुसलमान समुदाय - बाईस प्रतिशत<br>(घ) दलित - नौ प्रतिशत<br>(ङ) अपाङ्गता भएका व्यक्ति - पाँच प्रतिशत<br>(च) पिछडिएको क्षेत्र - चार प्रतिशत<br>खण्ड (क) बाहेक अन्य समुहबाट छनौट गर्दा आधा महिला छनौट गर्नु पर्ने छ । " | विद्यार्थी भर्नामा महिलाको स्थान आरक्षण हाल प्रचलनमा रहेको आरक्षण पदतिलाई शिक्षा क्षेत्रमा समेत अवलम्बन गर्दा निर्विवादित र उपर्युक्त हुने हुँदा<br><br>महिला बाहेकको अन्य बर्गबाट समेत महिलाको स्थान सुनिश्चित गर्न |
| १०. | **पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान, ऐन, २०६४** | दफा ३५(२) | **३५. छात्रवृत्ति उपलब्ध गराउनु पर्ने :**<br>(२) उपदफा (१) बमोजिमको पन्ध्र प्रतिशतलाई शत प्रतिशत मानी सोको पैंतालीस प्रतिशत स्थानमा महिला, दलित, आदिवासी/जनजाति, मधेशी तथा पिछडिएका क्षेत्रका विद्यार्थीलाई मात्र छात्रवृत्ति उपलब्ध गराइनेछ । | **पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान ऐन, २०६४ को दफा ३५(२) को** व्यवस्थाको सट्टादेहायको नयाँ व्यवस्था राख्ने ।<br><br>"**३५. छात्रवृत्ति उपलब्ध गराउनु पर्ने :**<br>(२) विश्वविद्यालयले कुल मध्ये ४५ प्रतिशत सीट आरक्षण गरी सो मा देहाय अनुसार सीट | विद्यार्थी भर्नामा महिलाको स्थान आरक्षण हाल प्रचलनमा रहेको आरक्षण पदतिलाई शिक्षा क्षेत्रमा समेत अवलम्बन गर्दा निर्विवादित र उपर्युक्त हुने हुँदा |

| क्र.सं. | कानून | धारा/दफा/नियम | प्रावधानहरू | प्रस्तावित प्रावधानहरू | कारण |
|---|---|---|---|---|---|
| | | | | आरक्षण गर्नु पर्छ :<br>(क) महिला - तेत्तीस प्रतिशत<br>(ख) आदिवासी/जनजाति - सत्ताईस प्रतिशत<br>(ग) तराई-मधेशमा बसोबास गर्ने मधेशी, आदिवासी/जनजाति, दलित, पिछडा वर्ग वा अल्पसंख्यक मुसलमान समुदाय - बाईस प्रतिशत<br>(घ) दलित - नौ प्रतिशत<br>(ङ) अपाङ्गता भएका व्यक्ति - पाँच प्रतिशत<br>(च) पिछडिएको क्षेत्र - चार प्रतिशत<br>खण्ड (क) बाहेक अन्य समुहबाट छनौट गर्दा आधा महिला छनौट गर्नु पर्ने छ । " | महिला बाहेकको अन्य बर्गबाट समेत महिलाको स्थान सुनिश्चित गर्न |
| ११. | **शिक्षक सेवा आयोग नियमावली, २०५७** | ११ क. | ११क. शिक्षक सेवालाई समावेशी बनाउनु पर्नेः (१) ........सो प्रतिशतलाई शत प्रतिशत मानी देहायका उम्मेदवारहरू बीचमा मात्र छुट्टाछुट्टै प्रतिस्पर्धा गराई पदपूर्ति गरिनेछ :-<br>(क) महिला - तेत्तीस प्रतिशत<br>(ख) आदिवासी/जनजाति - सत्ताईस प्रतिशत<br>(ग) तराई-मधेशमा बसोबास गर्ने मधेशी, आदिवासी/जनजाति, दलित, पिछडा वर्ग वा अल्पसंख्यक मुसलमान समुदाय - बाईस प्रतिशत<br>(घ) दलित - नौ प्रतिशत<br>(ङ) अपाङ्ग- पाँच प्रतिशत<br>(च) पिछडिएको क्षेत्र - चार प्रतिशत | **पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान ऐन, २०६४ को दफा ११(क) को** व्यवस्थाको सट्टादेहायको नयाँ व्यवस्था राख्ने ।<br>"११क. शिक्षक सेवालाई समावेशी बनाउनु पर्नेः (१) ........सो प्रतिशतलाई शत प्रतिशत मानी देहायका उम्मेदवारहरू बीचमा मात्र छुट्टाछुट्टै प्रतिस्पर्धा गराई पदपूर्ति गरिनेछ :-<br>(क) महिला - तेत्तीस प्रतिशत<br>(ख) आदिवासी/जनजाति - सत्ताईस प्रतिशत<br>(ग) तराई-मधेशमा बसोबास गर्ने मधेशी, आदिवासी/जनजाति, दलित, पिछडा वर्ग वा अल्पसंख्यक मुसलमान समुदाय - बाईस प्रतिशत<br>(घ) दलित - नौ प्रतिशत | शिक्षक सेवामा महिलाको स्थान आरक्षण हाल प्रचलनमा रहेको आरक्षण पदतिलाई शिक्षा क्षेत्रमा समेत अवलम्बन गर्दा निर्विवादित र उपर्युक्त हुने हुँदा<br><br>महिला बाहेकको अन्य बर्गबाट समेत महिलाको स्थान सुनिश्चित गर्न |

| क्र.सं. | कानून | धारा/दफा/नियम | प्रावधानहरू | प्रस्तावित प्रावधानहरू | कारण |
|---|---|---|---|---|---|
| | | | | (ङ) अपाङ्गता भएका व्यक्ति - पाँच प्रतिशत<br>(च) पिछडिएको क्षेत्र - चार प्रतिशत<br>खण्ड (क) बाहेक अन्य समुहका उम्मेदवारहरू छनौट गर्दा आधा उम्मेदवार महिला छनौट गर्नु पर्ने छ ।" | |
| १२. | **शिक्षा नियामवाली २०५९** | नियम ९१(१) | महिला शिक्षिकाको पद रहने १ प्राथमिक विधालयमा तीन जनासम्म शिक्षक दरवन्दी भएका कम्तिमा १ जना, सात जनासम्म शिक्षक दरवन्दी भए कम्तिमा २ जना र सो भन्दा वढि शिक्षक दरवन्दी भएमा कम्तिमा ३ जना महिला शिक्षिकाको पद रहने छ । | शिक्षा नियामवाली २०५९ को नियम ९१ (१) **को** व्यवस्थाको सट्टादेहायको नयाँ व्यवस्था राख्ने :<br><br>"महिला शिक्षिकाको पद रहने १ प्राथमिक विधालयमा तीन जनासम्म शिक्षक दरवन्दी भएका कम्तिमा १ जना र सो भन्दा वढि शिक्षक दरवन्दी भएमा कम्तिमा एक तिहाई महिला शिक्षिकाको पद रहने छ । " | विद्यालय स्तरमा महिला शिक्षिका नियुक्ति गर्दा कम्तिमा एक तिहाई सुनिश्चित गर्न |
| १३. | **शिक्षा नियामवाली २०५९** | नियम १५१(२) | छात्रवृति व्यवस्था गर्नु पर्ने (२) सस्थागत विधालले कुल विधार्थि सख्याको कम्तीमा दश प्रतिशत नघटाई महिला........ विधार्थीलाई छात्रवृति उपलब्ध गराउनु पर्ने छ । (२०६७/१०/९ | शिक्षा नियामवाली २०५९ को नियम १५१(२) **को** व्यवस्थाको सट्टादेहायको नयाँ व्यवस्था राख्ने :<br>" छात्रवृति व्यवस्था गर्नु पर्ने (२) सस्थागत विद्यालयले कुल विद्यार्थी सख्याको कम्तीमा दश प्रतिशत नघटाई ........ विधार्थीलाई छात्रवृति उपलब्ध गराउनु पर्ने छ । यसरी तोकिएको दश प्रतिशतमा कम्तीमा आधा महिला विद्यार्थीलाई उपलब्ध गराउनु पने छ । " | विद्यालयले कुल विद्यार्थीलाई प्रदान गरिने छात्रवृत्तिमा महिला छात्राको लागि आधा सुनिश्चित गर्न |

# रोजगारी

| क्र.सं. | कानून | धारा/दफा/नियम | प्रावधानहरू | प्रस्तावित प्रावधानहरू | कारण |
|---|---|---|---|---|---|
| १. | **निजामती सेवा ऐन २०४९** | दफा (७) (२) | (७) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि निजामती सेवालाई समावेशी बनाउन खुल्ला प्रतियोगिताद्वारा पूर्ति हुने पदमध्ये पैंतालीस प्रतिशत पद छुट्याई सो प्रतिशतलाई शतप्रतिशत मानी देहाय बमोजिमका उम्मेदवारबीचमा मात्र छुट्टाछुट्टै प्रतिस्पर्धा गराई पदपूर्ति गरिनेछ :-<br>(क) महिला - तेत्तीस प्रतिशत<br>(ख) आदिवासी/जनजाति - सत्ताइस प्रतिशत<br>(ग) मधेसी - बाइस प्रतिशत<br>(घ) दलित - नौ प्रतिशत<br>(ङ) अपांग - पाँच प्रतिशत<br>(च) पिछडिएको क्षेत्र - चार प्रतिशत | निजामती सेवा ऐन २०४९ **को दफा ७ को उपदफा** (२) **को व्यवस्था पछि देहाय अनुसारको उपदफा** (३) **थप गर्ने** :<br><br>"उपदफा (३)<br>उपदफा २ बमोजिम उम्मेदवारहरू छनौट गर्दा खण्ड (क) बाहेक अन्य समुहका उम्मेदवारहरू मध्ये आधा उम्मेदवार महिला छनौट गर्नु पर्ने छ । " | महिला बाहेकको अन्य बर्गबाट समेत महिलाको स्थान सुनिश्चित गर्न |
| २. | **श्रम ऐन, २०४८** | दफा ४२(१) | ४२ **बालकहरुको निमित्त व्यवस्था** : (१) पचास वा सो भन्दा वढि महिला कामदार तथा कर्मचारीहरू कार्यरत रहने प्रतिष्ठानको व्यवस्थापकले यस्ता महिला कामदार तथा कर्मचारीहको बालकको लागि स्वास्थ्यप्रद कोठाको व्यवस्था गर्नु पर्ने । | **श्रम ऐन, २०४८ को दफा ४२(१) मा रहेको** रहेको "महिला" भन्ने शब्दको खारेज गर्ने । | हालको **पचास जना भन्ने** को व्यवस्था राख्दा ४९ जना भन्दा बढी महिला नराख्ने प्रवृत्ति रहेकोले सोलाई निरूत्साहित गर्न |
| ३. | **श्रम नियमावली, २०५०** | नियम ४(२) | **महिलालाई काममा लगाउने समय** : (२) महिला कामदार वा कर्मचारीलाई काममा लगाउँदा व्यवस्थापकले निजहरूको सुरक्षाको उपयुक्त व्यवस्था गर्नु पर्ने | **श्रम नियमावली ,२०५० को नियम** ४(२) **मा रहेको** "व्यवस्थापकले निजहरूको सुरक्षाको "भन्ने वाक्यांशको सट्टा" व्यवस्थापकले कार्यस्थलको अवस्था, कार्यको प्रकृति र कार्य समय अनुसार निजहरूको सुरक्षाको "भन्ने वाक्यांश थप गर्ने । | कार्यस्थलहरू महिला मैत्री बनाउदै जान आवश्यक भएकोले |

# महिला विरुद्ध हिंसा

| क्र.सं. | कानून | धारा/दफा/नियम | प्रावधानहरू | प्रस्तावित प्रावधानहरू | कारण |
|---|---|---|---|---|---|
| १. | **मानव वेचविखन तथा ओसार पसार (नियन्त्रण) ऐन २०६४** | दफा १४ | १४. पुनर्स्थापन कोष : (१) दफा १३ को उपदफा (१) बमोजिम स्थापना भएका पुनर्स्थापनाकेन्द्र सञ्चालन गर्नको लागि नेपाल सरकारले एक पुनर्स्थापन कोष स्थापना गर्नेछ ।<br>(२) उपदफा (१) बमोजिमको कोषमा देहाय बमोजिमका रकम रहनेछन् :-<br>(क) नेपाल सरकारबाट प्राप्त रकम,<br>(ख) कुनै स्वदेशी वा विदेशी संघ, संस्था वा व्यक्तिबाट प्राप्त रकम,<br>(ग) दफा १५ बमोजिम भएको जरिबाना बापत प्राप्त हुने रकमको आधा रकम ।<br>(३) पुनर्स्थापन कोषको व्यवस्थापन र सञ्चालन तोकिए बमोजिम हुनेछ । | मानव वेचविखन तथा ओसार पसार (नियन्त्रण) ऐन २०६४**को दफा १४ को** सट्टा**देहाय अनुसारको दफा** (१४) **राख्ने** :<br>"१४. पुनर्स्थापन तथा क्षतिपूर्ति कोष : (१) दफा १३ को उपदफा (१) बमोजिम स्थापना भएका पुनर्स्थापनाकेन्द्र सञ्चालन गर्न तथा पीडितलाई क्षतिपूर्ति प्रदान गर्नको लागि नेपाल सरकारले एक पुनर्स्थापन तथा क्षतिपूर्ति कोष स्थापना गर्नेछ ।<br>(२) उपदफा (१) बमोजिमको कोषमा देहाय बमोजिमका रकम रहनेछन् :-<br>(क) नेपाल सरकारबाट प्राप्त रकम,<br>(ख) कुनै स्वदेशी वा विदेशी संघ, संस्था वा व्यक्तिबाट प्राप्त रकम,<br>(ग) दफा १५ बमोजिम भएको जरिबाना बापत प्राप्त हुने रकमको आधा रकम ।<br>(३) पुनर्स्थापन तथा क्षतिपूर्ति कोषको व्यवस्थापन र सञ्चालन तोकिए बमोजिम हुनेछ ।" | महिला, कानुन र विकास मञ्च वि नेपाल सरकार भएको रिटमा सर्वोच्च अदालतबाट जारी निर्देशन अनुसार गर्न<br><br>पीडितलाई क्षतिपूर्ति प्रदान गर्नको लागि |
| २. | **मानव वेचविखन तथा ओसार पसार (नियन्त्रण) ऐन २०६४** | दफा १७(१) | १७. क्षतिपूर्ति : (१) अदालतले कसूरदारलाई भएको जरिबानाको पचास प्रतिशत बराबरको रकममा नघट्ने गरी निजबाट पीडितलाई मनासिब माफिकको क्षतिपूर्ति भराइदिनु पर्नेछ । | मानव वेचविखन तथा ओसार पसार (नियन्त्रण) ऐन २०६४**को दफा १७ (१) को** सट्टा**देहाय अनुसारको दफा १७ (१) राख्ने** :<br>१७. क्षतिपूर्ति : १) अदालतले पीडितलाई कसूरको गाम्भीयर्ता हेरी पुनर्स्थापन तथा क्षतिपूर्ति कोषबाट रू एक लाखमा नघट्ने गरी मनासिब माफिकको क्षतिपूर्ति भराइदिनु पर्नेछ । | विद्यमान **कसूरदारलाई भएको जरिबानाको पचास प्रतिशत** क्षतिपूर्ति दिने प्रावधानका कारणले पीडितले क्षतिपूर्ति पाउन नसकेको र यसलाई जरिवानासँग जोडन अनुचित भएकोले |

| क्र.सं. | कानून | धारा/दफा/नियम | प्रावधानहरू | प्रस्तावित प्रावधानहरू | कारण |
|---|---|---|---|---|---|
| ३. | **गाली वेइज्जती ऐन, २०१६** | दफा ८ | आईमाईलाई अपमानित गर्ने नियतले देख्न सुन्ने गरी कुनै कुरा भनेमा वा कुनै किसिमको शब्द वा हाउभाउ व्यक्त गरेमा वा कुनै बस्तु देखाएमा वा निजको गोपनियतामा १०० रूपैया देखि पाँचसय रूपैयासम्म जरिवाना हुनेछ र छ महिनासम्म कैदको सजाय पनि हुन सक्ने | **गाली वेइज्जती ऐन, २०१६ को दफा ८ को** सट्टा **देहाय अनुसारको दफा ८ राख्ने : मा रहेको "दफा ८** महिलालाई अपमानित गर्ने नियतले देख्न सुन्ने गरी कुनै कुरा भनेमा वा कुनै किसिमको शब्द वा हाउभाउ व्यक्त गरेमा वा कुनै बस्तु देखाएमा वा निजको गोपनियता भंग गरेमा १०,००० रूपैया देखि दुई लाख रूपैयासम्म जरिवाना र दुई बर्षसम्म कैदसजाय हुन सक्छ ।" | विद्यमान सजायसम्बन्धी व्यवस्था अत्यन्त न्यून र अव्यवहारिक रहेकोले सोलाई संशोधन गर्न आवश्यक देखिएको |
| ४. | **मुलुकी ऐन २०२०, अदालती बन्दोबस्त** | १३४ नं. | स्वास्नीमानिसलाई केही कुराको अभियोग लागी आउँदा बेमनासिब ठट्टा मस्करीका हिसाबसँग सोध बुझ गर्न हुँदैन । | मुलुकी ऐन २०२०, अदालती बन्दोबस्तको महलको १३४ नं. मा रहेको "स्वास्नीमानिसलाई "भन्ने वाक्यांशको सट्टा"महिलालाई"भन्ने वाक्यांश थप गर्ने । | कानूनी व्यवस्थाहरूमा स्वास्नीमानिस जस्ता शब्दको सट्टा मर्यादित र शिष्ट भाषा राख्दा उपर्युक्त हुने हुँदा |
| ५. | **मुलुकी ऐन २०२०, जबर्जस्ती करणीको महल** | ३ नं.को देहाय ६ | ३ नं. ॥ ॥ जबर्जस्ती करणी गर्नेलाई देहाय बमोजिम कैद सजाय हुनेछ :- ....... यस नम्बरमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि लोग्नेले स्वास्नीलाई जबर्जस्ती करणी गरेमा तीन महिनादेखि छ महिनासम्म ..........६ | मुलुकी ऐन २०२०, जबर्जस्ती करणीको महल महलको ३ नं.को देहाय ६ मा रहेको "तीन महिनादेखि छ महिनासम्म"भन्ने वाक्यांशको सट्टा"पाँच वर्ष देखि सात बर्षसम्म"भन्ने वाक्यांश थप गर्ने । | जीत कुमारी पंगेनी वि नेपाल सरकार (नेकाप २०६५ नि.नं. ७९७३ अ.क ६, पृ ६६४) रिट निवेदनमा सर्वोच्च अदालतबाट जारी निर्देशनात्मक आदेश अनुसार गर्न |
| ६. | **मुलुकी ऐन, २०२०, जबर्जस्ती करणीको महल** | ११ नं. | ११ नं. ॥ ॥ जबर्जस्ती करणीको कुरामा सो भए गरेको मितिले पैंतीस दिनभित्र नालिस नदिए लाग्न सक्तैन । | मुलुकी ऐन २०२०, जबर्जस्ती करणीको महल महलको ११ नं. मा रहेको "पैंतीस दिनभित्र "भन्ने वाक्यांशको सट्टा "एक वर्षसम्म"भन्ने वाक्यांश थप गर्ने । | महिला, कानुन र विकास मञ्चको तर्फबाट सपना प्रधान मल्ल वि नेपाल सरकार (नेकाप २०६५ नि.नं. ८०३८ अंक ११, पृ १३५८) को रिट निवेदनमा सर्वोच्च अदालतबाट जारी निर्देशनात्मक आदेश अनुसार गर्न |

# अदालती कार्यविधि तथा लैङ्गिक न्याय

| क्र.सं. | कानून | धारा/दफा/नियम | प्रावधानहरू | प्रस्तावित प्रावधानहरू | कारण |
|---|---|---|---|---|---|
| १. | **विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९** | दफा ११ख(१) | शंका लागेकेको व्यक्तिको खानतलासी लिने : यस ऐन विपरीत कुनै व्यक्तिसँग कुनै विदेशी विनिमय छ भनी शंका गर्नुपर्ने पर्याप्त कारण र आधार भएमा अनुसन्धान अधिकारीको आदेशले कम्तीमा राजपत्रअनङ्कित द्वितीय श्रेणीको कर्मचारीबाट त्यस्तो व्यक्तिको जिउको खानतलासी लिन सकिनेछ । तर कुनै स्वास्नीमानिसको खानतलासी लिँदा स्वास्नीमानिसद्वारा मात्र खानतलासी लिन लगाउनु पर्नेछ । | **विदेशी विनिमय (नियमित गर्ने ऐन, २०१९ को** दफा ११(ख) (१) मा रहेको "स्वास्नीमानिस" भन्ने शव्दहरूको सट्टा "महिला" भन्ने शब्दहरू राख्ने । | कानूनी व्यवस्थाहरूमा स्वास्नीमानिस जस्ता शब्दको सट्टा मर्यादित र शिष्ट भाषा राख्दा उपर्युक्त हुने हुँदा |
| २. | **प्रहरी ऐन, २०१२** | दफा १५(ट) | सर्वसाधरण जनतासँग शिष्ट व्यवहार गर्ने र स्वास्नीमानिस रकेटाकेटीहरूसँग व्यवहार गर्दा पूरा इज्जत र मनासिब नम्रतासाथव्यवहार गर्ने । | **प्रहरी ऐन, २०१२ दफा १५(ट) मा रहेको** "स्वास्नीमानिस" "केटाकेटी"भन्ने शव्दहरूको सट्टा"महिला""बालबालिका" भन्ने शब्दहरूराख्ने । | कानूनी व्यवस्थाहरूमा स्वास्नीमानिस र केटाकेटी जस्ता शब्दको सट्टा मर्यादित र शिष्ट भाषा राख्दा उपर्युक्त हुने हुँदा |
| ३. | **कारागार ऐन, २०१९** | दफा ८(१) | थुनिए वा कैद परेकी स्वास्नी मानिसको कारागारभित्र छोरा छोरी जन्मेछ वा दुई बर्ष नपुगेको नाबालक छोरा छोरी रहेछ भने बाहिर हेरविचार गर्ने वारिसवाला भए पनि निजलाई आमाले आफैसित राखी हेरविचार गर्न चाहेमा कारागारभित्रै राख्न हुन्छ । त्यस्ता नाबालक दुई बर्ष पुगे पछि, आवश्यक भएमा बाहेक, निजलाई वारिसवालाको जिम्मा लगाई दिनुपर्छ । | थुनिए वा कैद परेकी महिलाको कारागारभित्र छोरा छोरी जन्मेछ वा दुई बर्ष नपुगे को नाबालक छोरा छोरी रहेछ भने बाहिर हेरविचार गर्ने वारिसवाला भए पनि निजलाई आमाले आफैसित राखी हेरविचार गर्न चाहेमा कारागारभित्रै राख्न हुन्छ । त्यस्ता नाबालक दुई बर्ष पुगेपछि, आवश्यक भएमा बाहे क, निजलाई वारिसवालाको जिम्मा लगाई दिनुपर्छ । | कानूनी व्यवस्थाहरूमा स्वास्नीमानिस जस्ता शब्दको सट्टा मर्यादित र शिष्ट भाषा राख्दा उपर्युक्त हुने हुँदा |

| क्र.सं. | कानून | धारा/दफा/नियम | प्रावधानहरू | प्रस्तावित प्रावधानहरू | कारण |
|---|---|---|---|---|---|
| ४. | **हुलाक ऐन, २०१९** | दफा ४२ख.(ग) | **बचत बैंक सम्बन्धी व्यवस्था**<br>**४२ख. बचत बैंकसम्बन्धी नियम बनाउने अधिकार :**<br>(ग) नाबालक, अविवाहिता वा विधवा स्त्रीलाई बचत बैंकको सुविधा दिंदा अपनाउनु पर्ने तरीका तथा कार्यविधि | **हुलाक ऐन, २०१९ को दफा ४२ख.(ग) मा रहेको** "स्त्री" शव्दहरूको सट्टा "महिला" भन्ने शब्दहरू राख्ने । | कानूनी व्यवस्थाहरूमा स्त्री जस्ता शब्दको सट्टा मर्यादित र शिष्ट भाषा राख्दा उपर्युक्त हुने हुंदा |
| ५. | **वन ऐन, २०४९** | दफा ५७(४) | दफा ५७(४) **कसूरको जाँचबुझ र कार्यविधि**<br>**५७. खानतलासीको अधिकार :**<br>(४) मानिस बसोबास गरेको घरमा खानतलासी लिनु परेमा सो घरमा स्वास्नीमानिस भए हट्न सूचना रमौका दिनु पर्छ । | **वन ऐन, २०४९ को** दफा ५७(४)मा रहेको "स्वास्नीमानिस" भन्ने शव्दहरूको सट्टा "महिला" भन्ने शब्दहरू राख्ने । | कानूनी व्यवस्थाहरूमा स्वास्नीमानिस जस्ता शब्दको सट्टा मर्यादित र शिष्ट भाषा राख्दा उपर्युक्त हुने हुँदा साथै बालबालिका समेतलाई समेटनु उपर्युक्त हुने हुँदा |
| ६. | **जिल्ला अदालत नियमावली, २०५२** | नियम ३१(२) | **दैनिक मुद्दा पेशी सुचि :** (२)उपनियम (१)बमोजिम दैनिक मुद्दा पेशी सुचि तयार गर्दा मुद्दा दर्ताको मितिको आधारमा देहाय बमोजीमको क्रममा त्यार गर्नुपर्छ ।<br>(च) स्वास्नी मानिस वादी भएको न्वारन गराई पाउँ वा नाता कायम गराई पाउँ भन्ने मुद्दा, | **जिल्ला अदालत नियमावली ,२०५२ को नियम ३१** (२) रहेको "स्वास्नीमानिस" भन्ने शव्दहरूको सट्टा "महिला" भन्ने शब्दहरूराख्ने । | कानूनी व्यवस्थाहरूमा स्वास्नीमानिस जस्ता शब्दको सट्टा मर्यादित र शिष्ट भाषा राख्दा उपर्युक्त हुने हुँदा |
| ७. | **जिल्ला अदालत नियमावली ,२०५२** | नियम ८५क(३) | (३) स्वास्नीमानिस वादी भई दायर भएको सम्वन्ध विच्छेद गरी पाउँ भन्ने मुद्दामा वादी पक्षले जीविकाको निमित मासिक खर्च वा अंशतर्फ दावी छाडी मिलापत्र गर्न चाहेका निजको मञ्जुरीले जीविकाको निमत मासिक खर्च वा अंश तर्फको दावी | **जिल्ला अदालत नियमावली ,२०५२ को नियम ८५ क** (३) रहेको "स्वास्नीमानिस" भन्ने शव्दहरूको सट्टा "महिला" भन्ने शब्दहरू राख्ने । | कानूनी व्यवस्थाहरूमा स्वास्नीमानिस जस्ता शब्दको सट्टा मर्यादित र शिष्ट भाषा राख्दा उपर्युक्त हुने हुँदा |

| क्र.सं. | कानून | धारा/दफा/नियम | प्रावधानहरू | प्रस्तावित प्रावधानहरू | कारण |
|---|---|---|---|---|---|
| | | | छोडी सम्वन्ध विच्छेद तर्फ मात्र उपचार खोजेमा सम्वन्ध विच्छेदतर्फ मात्र बोली निर्णय गर्न वाधा नपर्ने | | |
| ८. | **मुलुकी ऐन २०२० अदालती बन्दोबस्तको** | ११नं. | मुद्दा हेर्दाको प्राथमिकता : स्वास्नी मानिस वादी वा पुनरावेदक भएको न्वारान गराई पाउँ वा नाता कायम गराई पाउँ भन्ने मुद्दा......४<br>विधवा महिला वादी वा पुनरावेदक भएको मुद्दा............................४क | **मुलुकी ऐन २०२०** अदालती बन्दोबस्तको ११ नं मा रहेको "स्वास्नीमानिस"भन्ने शव्दहरूको सट्टा"महिला"भन्ने शब्दहरूराख्ने । | कानूनी व्यवस्थाहरूमा स्वास्नीमानिस जस्ता शब्दको सट्टा मर्यादित र शिष्ट भाषा राख्दा उपर्युक्त हुने हुँदा |
| ९. | **मुलुकी ऐन २०२० अदालती बन्दोबस्तको** | ६२ नं. | देहायका अवस्थामा म्याद तारिख गुज्रेमा देहाय बमोजिम गर्नु पर्छ......................<br>म्याद तारिखमा हाजिर हुनुपर्ने स्वास्नी मानिस सुत्केरीभै म्याद तारिख गुज्रेकोमा सुत्केरी भएको मितिलेबाटाका म्याद बाहेक पैंतीस दिनभित्र अड्डामा हाजिरभै निवेदनपत्र दिएमा म्याद तारिख थामी दिनु पर्छ । | **मुलुकी ऐन २०२०** अदालती बन्दोबस्तको ११ नं मा रहेको "स्वास्नीमानिस" भन्ने शव्दहरूको सट्टा "महिला" भन्ने शब्दहरू राख्ने । | कानूनी व्यवस्थाहरूमा स्वास्नीमानिस जस्ता शब्दको सट्टा मर्यादित र शिष्ट भाषा राख्दा उपर्युक्त हुने हुँदा |
| १०. | **मुलुकी ऐन २०२० अदालती बन्दोबस्तको** | ११७नं | स्वास्नीमानिसलाई पक्रन पठाउनु पर्दा स्वास्नीमानिस सिपाही भएका अड्डाले स्वास्नीमानिस सिपाही र नभएका अड्डाले दुई जना सिपाही पठाई डाकी ल्याउनु पर्छ । लोग्नेमानिसले हात हाली पक्रन हुँदैन । नआई अडिई भने मात्र नाडीमा समाई ल्याउनु पर्छ । | **मुलुकी ऐन २०२०** अदालती बन्दोबस्तको ११७ नं मा रहेको "स्वास्नीमानिस सिपाही" "सिपाही" "लोग्ने मानिस" भन्ने शव्दहरूको सट्टाक्रमश "महिला प्रहरी कर्मचारी" "प्रहरी कर्मचारी" "प्रहरी कर्मचारी" भन्ने शब्दहरू राख्ने । | कानूनी व्यवस्थाहरूमा स्वास्नीमानिस जस्ता शब्दको सट्टा मर्यादित र शिष्ट भाषा राख्दा उपर्युक्त हुने हुँदा |

| क्र.सं. | कानून | धारा/दफा/नियम | प्रावधानहरू | प्रस्तावित प्रावधानहरू | कारण |
|---|---|---|---|---|---|
| ११. | **मुलुकी ऐन २०२० अदालती बन्दोबस्तको** | १७२नं (२) | तलासी लिने घर वा ठाउँमा बस्ने वा सो घर वा ठाउँका धनी वा जिम्मा लिएका व्यक्तिले तलासी लिने प्रहरी अधिकृतलाई लेखिए बमोजिम प्रवेश गर्न नदिएमा सो प्रहरी अधिकृतले सो घर वा ठाउँमा रहे बसेका स्वास्नी मानिसहरूलाई हट्ने सूचना र मौका दिई आवश्यकतानुसार बाहिरि वा भित्री कुनै झ्याल ढोका वा छेका खोली तोडी फोडी भित्र पसी तलासी लिन हुन्छ..................२ | **मुलुकी ऐन २०२०** अदालती बन्दोबस्तको १७२ (२) नं मा रहेको "स्वास्नीमानिसहरूलाई"भन्ने शब्दहरूको सट्टा"महिला र बालबाबलिकाहरूलाई" भन्ने शब्दहरू राख्ने । | कानूनी व्यवस्थाहरूमा स्वास्नीमानिस जस्ता शब्दको सट्टा मर्यादित र शिष्ट भाषा राख्दा उपर्युक्त हुने हुँदा बालबालिका समेतलाई समेटनु उपर्युक्त हुने हुँदा |
| १२. | **मुलुकी ऐन २०२० अदालती बन्दोबस्तको** | १७२नं (५) | तलासी गर्दा तलासी गरिएका वस्तु वा धनमालकासम्बन्धमा कुनै मानिसको अंगको तलासी लिनु परेमासो समेत लिन हुन्छ र सो बमोजिम स्वास्नीमानिसकोआँगको तलासी लिनु परेमा सो स्वास्नीमानिसकोबेइज्जत नहुने गरी पत्यारकी अर्की स्वास्नीमानिसबाट लिन लाउनु पर्छ.......५ | **मुलुकी ऐन २०२०** अदालती बन्दोबस्तको १७५(५) नं मा रहेको "स्वास्नीमानिस"भन्ने शब्दहरूको सट्टा"महिला"भन्ने शब्दहरूराख्ने । | कानूनी व्यवस्थाहरूमा स्वास्नीमानिस जस्ता शब्दको सट्टा मर्यादित र शिष्ट भाषा राख्दा उपर्युक्त हुने हुँदा |
| १३. | **मुलुकी ऐन ज.क.को महल** | १०क.नं. ॥ | पीडित स्वास्नी मानिसको बयान गराउँदा महिला प्रहरी कर्मचारीले गराउनु पर्नेछ र महिला प्रहरी कर्मचारी नभएमा समाजसेवी महिलाको रोहवरमा अन्य प्रहरी कर्मचारीले गराउन सक्नेछ । | **मुलुकी ऐन २०२०** अदालती बन्दोबस्तको ११ नं मा रहेको "स्वास्नीमानिस"भन्ने शब्दहरूको सट्टा"महिला"भन्ने शब्दहरूराख्ने । | कानूनी व्यवस्थाहरूमा स्वास्नीमानिस जस्ता शब्दको सट्टा मर्यादित र शिष्ट भाषा राख्दा उपर्युक्त हुने हुँदा |
| १४. | **मुलुकी ऐन ज.क.को महल** | १०ख.नं. ॥ ॥ | कुनै मुद्दाको कारबाही चल्दा सम्बन्धित कानुन व्यवसायी, अभियुक्त, पीडित स्वास्नी मानिस र निजको संरक्षक तथा मुद्दा हेर्ने अधिकारीले अनुमति दिएका प्रहरी र अदालतको कर्मचारी मात्र इजलासमा उपस्थित...... | **मुलुकी ऐन २०२०** अदालती बन्दोबस्तको १० ख नं मा रहेको "स्वास्नीमानिस" भन्ने शब्दहरूको सट्टा "महिला" भन्ने शब्दहरूराख्ने । | कानूनी व्यवस्थाहरूमा स्वास्नीमानिस जस्ता शब्दको सट्टा मर्यादित र शिष्ट भाषा राख्दा उपर्युक्त हुने हुँदा |

# स्वास्थ्य

| क्र.सं. | कानून | धारा/दफा/नियम | प्रावधानहरू | प्रस्तावित प्रावधानहरू | कारण |
|---|---|---|---|---|---|
| १. | **कारागार ऐन २०१९** | दफा १२(१) | कुनै थुनुवा वा कैदी स्वास्नी मानिस गर्भवती रहिछ भने..........राजकाज सम्बन्धी मुद्दाको वा दामल वा जन्म कैदको सजाय पाएकी वा त्यस्तो सजाय हुने अपराधको अभियोग लागेकी थुनुवा वा ज्यानमारा बाहेक अरूको हकमा ६ महिनाको गर्भ पुगेपछि जमानी लिई छाडी दिनु पर्छ र त्यसरी जमानीमा छुटेकीलाई निजको बालक जन्मेको दुई महिना भएपछि थुन्न नपर्ने भएकोमा वा कैद म्याद भुक्तान भै सकेकोमा बाहेक फेरी कारागारभित्र राखिनेछ । | कारागार ऐन २०१९**को दफा** १२(१) मा रहेको "स्वास्नीमानिस"भन्ने शव्दहरूको सट्टा"महिला"भन्ने शब्दहरूराख्ने । | कानूनी व्यवस्थाहरूमा स्वास्नीमानिस जस्ता शब्दको सट्टा मर्यादित र शिष्ट भाषा राख्दा उपर्युक्त हुने हुँदा |
| २. | **कारागार ऐन २०१९** | दफा १२(२) | उपदफा बमोजिम कुनै गर्भवती स्वास्नी मानिस कारागार बाहिर रहेकोमा निज कारागारभित्रै रहेको सरह गरी निज बाहिर रहेको अवधि जति निजलाई हुने कैदको अवधिमा कट्टा गरिने छ । | उपदफा बमोजिम कुनै गर्भवती महिला कारागार बाहिर रहेकोमा निज कारागारभित्रै रहेको सरह गरी निज बाहिर रहेको अवधि जति निजलाई हुने कैदको अवधिमा कट्टा गरिने छ । | कानूनी व्यवस्थाहरूमा स्वास्नीमानिस जस्ता शब्दको सट्टा मर्यादित र शिष्ट भाषा राख्दा उपर्युक्त हुने हुँदा |
| ३. | **व्यवस्थापिका–संसदका महासचिव तथा सचिवको पारिश्रमिक, सेवाको शर्त र सुविधा सम्बन्धी ऐन, २०५५** | दफा १७(१)(ङ)(६) | महिला महासचिव र महिला सचिव गर्भवती भएमा निजहरूलेसुत्केरीको अघिपछि गरी सेवा अवधिभरमा दुईपटक मात्र प्रत्येकपटक साठी दिन प्रसुती विदा पाउनेछन् । | व्यवस्थापिका-संसदका महासचिव तथा सचिवको पारिश्रमिक, सेवाको शर्त र सुविधा सम्बन्धी ऐन, २०५५ को **दफा** १७(१)(ङ)(६) मा रहेको मा रहेको "सुत्केरीको अघिपछि गरी सेवा अवधिभरमा दुईपटक मात्र प्रत्येकपटक साठी दिन प्रसुती विदा पाउनेछन् । "भन्ने वाक्यांशको सट्टा"सुत्केरीको अघिपछि गरी | नेपालको सर्वोच्च अदालतको निर्देशन (प्रो पब्लिक वि नेपाल सरकार समेत नेकाप २०६० नि.नं. ७२६८ अंक ९ पृ ७२६, मातृत्व संरक्षण सम्बन्धि अन्तराष्ट्रिय श्रम संगठनको अभिसन्धि नं १८३ तथा |

| क्र.सं. | कानून | धारा/दफा/नियम | प्रावधानहरू | प्रस्तावित प्रावधानहरू | कारण |
|---|---|---|---|---|---|
| | | | | प्रत्येकपटक अन्ठानब्बे दिन प्रसुती विदा पाउनेछन्"भन्ने वाक्यांश राख्ने । | पुनरावेदन तथा जिल्ला अदालतका न्यायाधीशहरूको पारिश्रमिक, सुविधा तथा सेवाका अन्य शर्त सम्बन्धी ऐन, २०४८ अनुसार संशोधन गर्न आवश्यक भएकोले |
| ४. | **व्यवस्थापिका संसद सचिवालय कर्मचारी प्रशासन नियमावली, २०६५** | नियम ४३ | **प्रसुति विदा** : महिला कर्मचारी गर्भवती भएमा निजले आफनो सेवा अवधि भरमा दुई पटक सम्म सुत्केरीको अघि र पछि गरि प्रत्येक पटक साठी दिन प्रसूती विदा पाउनेछन । | व्यवस्थापिका संसद सचिवालय कर्मचारी प्रशासन नियमावली ,२०६५ को नियम ४३ मा रहेको " निजले आफनो सेवा अवधि भरमा दुई पटक सम्म सुत्केरीको अघि र पछि गरि प्रत्येक पटक साठी दिन प्रसूती विदा पाउनेछन ।<br><br>"भन्ने वाक्यांशको सट्टा"निजले सुत्केरीको अघि र पछि गरि अन्ठानब्बे दिन प्रसूती विदा पाउनेछन "भन्ने वाक्यांश राख्ने । | नेपालको सर्वोच्च अदालतको निर्देशन (प्रो पब्लिक वि नेपाल सरकार समेत नेकाप २०६० नि.नं. ७२६८ अंक ९ पृ ७२६, मातृत्व संरक्षण सम्बन्धि अन्तराष्ट्रिय श्रम संगठनको अभिसन्धि नं १८३ तथा पुनरावेदन तथा जिल्ला अदालतका न्यायाधीशहरूको पारिश्रमिक, सुविधा तथा सेवाका अन्य शर्त सम्बन्धी ऐन, २०४८ अनुसार संशोधन गर्न आवश्यक भएकोले |
| ५. | **श्रम नियमावली, २०५०** | नियम ३४ | **नियम ३४:**<br>**प्रसुति विदा**गर्भवती महिला कामदार वा कर्मचारीले प्रसुतिको अघि र पछि गरि जम्मा ५२ दिनसम्मको पुरा तलबी प्रसूती विदा पाउनेछन । यस्तो विदा तमाम सेवा अवधि भर दुई पटक सम्मलाई मात्र | **श्रम नियमावली ,२०५० को** नियम ३४ को सट्टा देहायको नियम ३४ राख्ने :<br><br>"**नियम ३४**<br>**प्रसुति विदा**गर्भवती महिला कामदार वा कर्मचारीले प्रसुतिको अघि र पछि गरि जम्मा | नेपालको सर्वोच्च अदालतको निर्देशन (प्रो पब्लिक वि नेपाल सरकार समेत नेकाप २०६० नि.नं. ७२६८ अंक ९ पृ ७२६, मातृत्व संरक्षण सम्बन्धि अन्तर्राष्ट्रिय श्रम संगठनको अभिसन्धि नं १८३ तथा |

| क्र.सं. | कानून | धारा/दफा/नियम | प्रावधानहरू | प्रस्तावित प्रावधानहरू | कारण |
|---|---|---|---|---|---|
| | | | लिन पाउनेछन। तर वच्चा जिवित नरहेको खण्डमा पुन दुइवटा वच्चा जम्मदा यस नियम बमोजीम प्रसुति विदा पाउन सक्नेछ । | ९८ दिनसम्मको पुरा तलबी प्रसूती विदा पाउनेछन । " | पुनरावेदन तथा जिल्ला अदालतका न्यायाधीशहरूको पारिश्रमिक, सुविधा तथा सेवाका अन्य शर्त सम्बन्धी ऐन, २०४८ अनुसार संशोधन गर्न आवश्यक भएकोले |
| ६. | **चियाबगान सम्वन्धी श्रम नियमावली, २०५०** | नियम ३५ | **प्रसुति विदा** गर्भवती महिला कामदार वा कर्मचारीले प्रसुतिको अघि र पछि गरि जम्मा ४५ दिनसम्मको पुरा तलबी प्रसूती विदा पाउनेछन । यस्तो विदा तमाम सेवा अवधि भर दुई पटक सम्मलाई मात्र लिन पाउनेछन । तर वच्चा जिवित नरहेको खण्डमा पुन दुइवटा वच्चा जम्मदा यस नियम बमोजीम प्रसुति विदा पाउन सक्नेछ । | चियाबगान सम्वन्धी**श्रम नियमावली ,२०५० को** नियम ३५ को सट्टा देहायको नियम ३५ राख्ने: <br><br>"**नियम ३५** <br>**प्रसुति विदा**गर्भवती महिला कामदार वा कर्मचारीले प्रसुतिको अघि र पछि गरि जम्मा ९८ दिनसम्मको पुरा तलबी प्रसूती विदा पाउनेछन ।" | नेपालको सर्वोच्च अदालतको निर्देशन (प्रो पब्लिक वि नेपाल सरकार समेत नेकाप २०६० नि.नं. ७२६८ अंक ९ पृ ७२६, मातृत्व संरक्षण सम्बन्धि अन्तराष्ट्रिय श्रम संगठनको अभिसन्धि नं १८३ तथा पुनरावेदन तथा जिल्ला अदालतका न्यायाधीशहरूको पारिश्रमिक, सुविधा तथा सेवाका अन्य शर्त सम्बन्धी ऐन, २०४८ अनुसार संशोधन गर्न आवश्यक भएकोले |
| ७. | **श्रमजीवि पत्रकार सम्वन्धी नियमावली, २०५३** | नियम १६(१) | **सुत्केरी विदा** (१) महिला श्रमजीवि पत्रकार गर्भवती भएमा निजले सुत्केरी अघि वा पछि गरि साठी दिन सुत्केरी विदा लिन पाउनेछ । | **श्रमजीवि पत्रकार सम्वन्धी नियमावली ,२०५३ को नियम १६(१) मा रहेको** "साठी दिन" भन्ने वाक्यांशको सट्टा" अन्ठानब्बे दिन "भन्ने वाक्यांश राख्ने । | नेपालको सर्वोच्च अदालतको निर्देशन (प्रो पब्लिक वि नेपाल सरकार समेत नेकाप २०६० नि.नं. ७२६८ अंक ९ पृ ७२६, मातृत्व संरक्षण सम्बन्धि अन्तराष्ट्रिय श्रम संगठनको अभिसन्धि नं १८३ तथा |

| क्र.सं. | कानून | धारा/दफा/नियम | प्रावधानहरू | प्रस्तावित प्रावधानहरू | कारण |
|---|---|---|---|---|---|
| | | | | | पुनरावेदन तथा जिल्ला अदालतका न्यायाधीशहरूको पारिश्रमिक, सुविधा तथा सेवाका अन्य शर्त सम्बन्धी ऐन, २०४८ अनुसार संशोधन गर्न आवश्यक भएकोले |
| ८. | **सुचनाको हक सम्वन्धी नियमावली, २०६५** | नियम १७(१)(६) | **विदा १(६)** महिला प्रमुख सुचना आयुक्त वा महिला सुचना आयुक्त गर्भवती भएमा प्रसुतिको अघि र पछि गरि निजले वढीमा साठी दिन पारिश्रमिक सहितको प्रसुति विदा एक पटक पाउने छ। | **सुचनाको हक सम्वन्धी नियमावली, २०६५ को** नियम १७(१)(६) को सट्टा देहायको नियम १७(१)(६) राख्ने :<br><br>"नियम १७(१)(६)<br>महिला प्रमुख सुचना आयुक्त वा महिला सुचना आयुक्त गर्भवती भएमा प्रसुतिको अघि र पछि गरि ९८ दिनसम्मको पुरा तलबी प्रसूती विदा पाउनेछन।" | नेपालको सर्वोच्च अदालतको निर्देशन (प्रो पब्लिक वि नेपाल सरकार समेत नेकाप २०६० नि.नं. ७२६८ अंक ९ पृ ७२६, मातृत्व संरक्षण सम्बन्धि अन्तराष्ट्रिय श्रम संगठनको अभिसन्धि नं १८३ तथा पुनरावेदन तथा जिल्ला अदालतका न्यायाधीशहरूको पारिश्रमिक, सुविधा तथा सेवाका अन्य शर्त सम्बन्धी ऐन, २०४८ अनुसार संशोधन गर्न आवश्यक भएकोले |
| ९. | **नेपाल स्वास्थ्य नियमावली, २०५५** | नियम ५१(१) | प्रसुति विदा : (१)महिला कर्मचारी सुत्केरी हुने भएमा सुत्केरी हुनु अधि वा पछि गरि साठी दिन प्रसुति विदा पाउनेछन्। | नेपाल स्वास्थ्य नियमावली,२०५५**को नियम ५१(१) मा रहेको** "साठी दिन"भन्ने वाक्यांशको सट्टा" अन्ठानब्बे दिन "भन्ने वाक्यांशराख्ने। | नेपालको सर्वोच्च अदालतको निर्देशन (प्रो पब्लिक वि नेपाल सरकार समेत ने काप २०६० नि.नं. ७२६८ अंक ९ पृ ७२६, मात्तृत्व संरक्षण सम्बन्धि अन्तराष्ट्रिय श्रम |

| क्र.सं. | कानून | धारा/दफा/नियम | प्रावधानहरू | प्रस्तावित प्रावधानहरू | कारण |
|---|---|---|---|---|---|
| | | | | | संगठनको अभिसन्धि नं १८३ तथा पुनरावेदन तथा जिल्ला अदालतका न्यायाधीशहरूको पारिश्रमिक, सुविधा तथा सेवाका अन्य शर्त सम्बन्धी ऐन, २०४८ अनुसार संशोधन गर्न आवश्यक भएकोले |

# विविध

| क्र.सं. | कानून | धारा/दफा/नियम | प्रावधानहरू | प्रस्तावित प्रावधानहरू | कारण |
|---|---|---|---|---|---|
| १. | **मुलुकी ऐन २०२०, गरीब कङ्गालको** | **८नं.** | नेपाल सरकारको तर्फबाट दिइने सदावर्त सिधा दिंदादेहायका क्रमले प्राथमिकता दिई दिनुपर्छ..........................<br>(ज) कमाई खेतीपाती केही नभएका स्वास्नी मानिस | **मुलुकी ऐन** २०२० गरीब **कङ्गालको महलको** ८ नं मा रहेको “स्वास्नीमानिस”भन्ने शव्दहरूको सट्टा“महिला”भन्ने शब्द राख्ने । | कानूनी व्यवस्थाहरूमा स्वास्नीमानिस जस्ता शब्दको सट्टा मर्यादित र शिष्ट भाषा राख्दा उपर्युक्त हुने हुँदा |

**महिला, कानुन र विकास मञ्च (FWLD)**
७२, आदर्श मार्ग, थापाथली
पो.ब.नं. २६५३८, काठमाडौं, नेपाल
फोन नं. ४२३३५२४, ४२३३५२५, फ्याक्स : ४२४०६२७
इमेल : fwld@fwld.wlink.com.np
Website: www.fwld.org